स्थानीय 'ख' वर्गको
# झुलेनी पोष्ट
www.jhulenipost.com
वर्ष ९, अंक १८, २०७९ मंसिर २७ मंगलवार (Jhuleni Post Weekly 13 Dec. 2022) पृष्ठ ८, मुल्य रु. २०
साप्ताहिक

झुलेनी पोष्ट साप्ताहिक
विज्ञापन प्रकाशनका लागि सम्पर्क
०८६-५९०४३६
कार्यालय : प्यूठान न.पा.-४, बिजुवार
Email : jhulenipyuthan@gmail.com

# प्यूठानबाट चुनीए पाँच सांसद

झुलेनी नेटवर्क
प्यूठान

एक मात्र निर्वाचन क्षेत्र रहेको प्यूठानले आगामी पाँच वर्ष कार्यकालका लागि पाँच जना सांसद् पाएको छ । प्रतिनिधीसभा सदस्यमा एक र प्रदेशसभा सदस्यमा प्रत्यक्ष र समानुपातिक चार जना गरी पाँच जनाले प्यूठानको साझा प्रतिनिधित्व गर्नेछन् । जिल्लाबासीले अब दल विशेषको नभई साझा प्यूठानीको अभिभावक बनेर जिल्लाको विकासमा ध्यान दिन जनप्रतिनिधीलाई सुझाएका छन् ।

## को हुन उनीहरू...



**सूर्य थापा (प्रतिनिधिसभा सदस्य)**

प्रतिनिधीसभा सदस्यमा नेकपा एमालेका पोलिटब्यूरो सदस्य एवं जिल्ला इन्चार्ज सूर्य थापा पहिलो प्रयासमै विजयी भए । पाँचदलीय गठवन्धनको घेरा तोडेर थापाको विजयीसँगै जिल्लामा एमाले पहिलो दल बन्यो । उनीसँग प्रतिस्पर्धामा गठवन्धनबाट राजमोकी उपाध्यक्ष दुर्गा पौडेल थिइन् । झिमरुक गाउँपालिका १ सौतामारे प्यूठान निवासी सूर्य थापा नेपाली राजनीतिमा प्रष्ट वक्ता र स्वच्छ छबीको नेताको रुपमा चिनिन्छन् । राष्ट्रिय राजनीतिमा उनको सिधा पहुँच छ ।

प्यूठानलाई राष्ट्रिय राजनीतिसँगै सिँहदरवारसँग प्रत्यक्ष जोड्ने भरोसाले पनि थापालाई जिल्लाबासीले रोजाईमा पारेको अधिकांशको प्रतिक्रिया सुनिन्छ । तीन दशक बढी समय पत्रकारिता क्षेत्रमा क्रियाशिल रहेका थापाले विशेषतः पार्टीको केन्द्रिय प्रचार कमिटीमा रहेर काम गरे । त्यससँगै पर्यटन क्षेत्रमा पनि उनको विशेष दखखल मानिन्छ । संस्कृति पर्यटन तथा नागरिक उड्यन विभागको उनी पार्टीमा प्रमुख भएर काम गरे । पार्टीले दिएको भूमिका र जिम्मेवारीलाई कुशलतापूर्व पुरा गर्ने स्वच्छ छबी बनाएका थापाले समग्र प्यूठानको विकासमा पनि त्यस्तै छबी बनाएर काम गर्ने आशा र भरोसा जिल्लाबासीको छ । समाजशास्त्रमा स्नातकोत्तर तह र व्यवस्थापन संकायमा स्नातक गरेका थापा अहिले ४८ वर्षका भए । थापा पार्टीको निर्वाचित केन्द्रिय सदस्यहुँदै पोलिटब्यूरो सदस्यको भूमिका छन् । २०६० सालमा 'विश्वमा राजतन्त्र : उत्थान, पतन र भविष्य' नामक पुस्तक लेखेर थापाले मुलुकमा गणतन्त्र स्थापनाको माहोल सृजना गरेका थिए ।

**तुल्सीराम शर्मा (प्रदेशसभा-१)**

प्रदेशसभा निर्वाचन क्षेत्र नम्वर १ मा पाँचदलीय गठवन्धनलाई नै पछिपार्दै नेकपा एमालेका तुल्सीराम शर्मा विजयी भएका छन् । उनीसँगको प्रतिस्पर्धामा नेकपा माओवादी केन्द्रका कृष्ण अधिकारी (प्रकाश) थिए । शर्मा एमाले प्यूठानको निवर्तमान पार्टी अध्यक्ष हुन् । हाल उनी लुम्विनी प्रदेश कमिटी सचिवालय सदस्यको भूमिकामा छन् ।



६५ वर्षिय शर्मालाई सरल र स्वच्छ छबीको नेताको रुपमा चित्रण गर्ने गर्दछन् । प्यूठान नगरपालिका २ दाखाक्वाडी निवासी शर्माले एसएलसी उर्त्तिण गरेका छन् । एमालेको ०४८ सालदेखि संस्थापक जिल्ला कमिटी सदस्य, दुई/दुई कार्यकाल उपसचिव र उपाध्यक्ष हुँदै आठ वर्ष आठ महिना जिल्ला अध्यक्ष भएर उनले काम गरे । ०४९ सालमा भएको स्थानीय निकायको निर्वाचनमा साविक दाखाक्वाडी गाविसको उनी उपाध्यक्ष समेत हुन् । शर्मा पहिलोपटक प्रदेशसभा सदस्यमा निर्वाचित भएका हुन् ।

**सरोज थापा (रोज राणा) (प्रदेशसभा-२)**

रोज राणा भनेर चिनिने सरोज थापा प्रदेशसभा निर्वाचन क्षेत्र नम्वर २ बाट पहिलो प्रयासमै सांसद् भए । विद्यार्थी जीवनदेखि नै कांग्रेसको राजनीतिमा सक्रिय



उनी नेपाल तरुणदलको केन्द्रिय सदस्यको भूमिका रहेर काम गरे । हाल उनी नेपाली कांग्रेस प्यूठान क्षेत्र नम्वर २ को दोस्रो कार्यकालका लागि क्षेत्रीय सभापतीको जिम्मेवारीमा छन् । थापा पार्टीको केन्द्रिय महाधिवेशन प्रतिनिधि महासमिति सदस्य समेत हुन् । राजनीतिसँगै नेपाली चलचित्र क्षेत्रमा थापाको नाम अझ बढी सुनिन्छ । नेपाल चलचित्र संघको केन्द्रिय सदस्य, महासचिव हुँदै उपाध्यक्षको भूमिकामा रहेर उनले जिम्मेवारी पुरा गरे । अध्यक्ष हुनेबेला छाडेर थापा सांसद् लड्न गृह जिल्ला प्यूठान आएका हुन् । प्यूठान नगरपालिका ८ निवासी ४० वर्षिय थापाले स्नातक तह उर्त्तिण गरेका छन् । हक्की स्वभावका थापा पार्टीमा देउवा खेमाका हुन् । पार्टी सभापती शेर बहादुर देउवासँग उनको निकटको सम्बन्ध छ ।

**निमा गिरी (समानुपातिक सांसद, लुम्विनी प्रदेश)**



प्यूठानका महिला नेतृहरुमा धेरै सुनेको नाम हो निमा गिरी । नेपाली कांग्रेसको तर्फबाट गिरी लुम्विनी प्रदेससभा सदस्यमा समानुपातिक सांसद् निर्वाचित भइन् । ३३ वर्षिय गिरीको स्थायी घर प्यूठानस्थित झिमरुक गाउँपालिका ७ तुषारा हो । उनले ०५५ सालदेखि बालकांग्रेसको सदस्यता लिएर राजनीति जीवनको शुरुवात गरिन् । नेविसंघ प्यूठानको जिल्ला उपाध्यक्ष, दाङस्थित महेन्द्र बहुमुखी क्याम्पस नेविसंघ इकाइको सह अध्यक्ष, नेविसंघ त्रिभुवन विश्वविद्यालयको उपसभापतीको जिम्मेवारी उनले पुरा गरेको अनुभव छ ।

तीन/तीन पटक उनी पार्टीको निर्वाचित महासमिति सदस्य हुँदै महिला संघ प्यूठानको जिल्ला सचिवको रुपमा काम गरिन् । गिरी हाल नेपाली कांग्रेस लुम्विनी प्रदेस समितिको निर्वाचित सह महामन्त्री हुन् । उनले व्यवस्थापन, राजनीतिशास्त्र र कानुनमा स्नातकोत्तर तह उर्त्तिण गरेकी छन् । अधिवक्ता समेत रहेकी गिरीले प्यूठानमा बसेर विपन्न नागरिकलाई निःशुल्क कानुनी सहायता गरेको भन्दै नेपाल सरकारले जनसेवा श्री पदकबाट सम्मानित समेत गरेको थियो । गिरी पनि प्यूठानबाट प्रतिनिधित्व गर्ने सांसद्या नयाँ अनुहार हुन् ।

**धनलक्ष्मी श्रेष्ठ (समानुपातिक सांसद, लुम्विनी प्रदेश)**

राजनीतिमा लामो समयदेखि सक्रिय धनलक्ष्मी श्रेष्ठ पहिलोपटक लुम्विनी प्रदेससभा सदस्यमा निर्वाचित भएकी छन् । उनी यसअघि ०७० सालको दोस्रो संविधानसभा निर्वाचनमा प्यूठान निर्वाचन



क्षेत्र नम्वर २ बाट प्रत्यक्ष उम्मेदवार थिइन् । ०७४ सालको प्रतिनिधिसभा सदस्यमा समानुपातिक उम्मेदवार भइन् ।०६५ सालमा प्यूठान क्याम्पस खलंगाको स्ववियू उपसभापतीमा निर्वाचत भएपनि एक महिनापछि पुरा कार्यकाल कार्यवाहक सभापतीको रुपमा जिम्मेवारी पुरा गरिन् । केन्द्रिय स्ववियू परिषद् कोषाध्यक्ष, कांग्रेस प्यूठानको जिल्ला सदस्य, सह सचिव हुँदै महिला संघ प्यूठानको सचिवको रुपमा पनि उनले जिम्मेवारी पुरा गरिन् । श्रेष्ठ अन्तरपार्टी महिला संजाल प्यूठानको अध्यक्ष र पार्टीको महिला विभागको केन्द्रिय सदस्य हुँदै हाल महाधिवेशन प्रतिनिधि महासमिति सदस्यको भूमिकामा छिन् । ४० वर्षिय श्रेष्ठ मल्लरानी गाउँपालिका ४ खलंगा निवासी हुन् । श्रेष्ठ सरकारी जागिरे जीवन त्यागेर राजनीतिमा लागेकी हुन् । राजनीतिमा सक्रिय हुनुपूर्व उनी बहादुरगञ्ज हस्पिटल कपिलवस्तुमा अहेव पदमा कार्यरत थिइन् । उनले ग्रामीण विकास र कानुनमा स्नातकोत्तर तह उर्त्तिण गरेकी छन् ।

### हाम्रो नजर

## मुख्य केन्द्र राप्ती प्राविधिक शिक्षालय क्षेत्र




*लुम्बिनी प्रदेशको राजधानी दाङको भालुबाङमा तोकिए अनुसार आवश्यक तयारी पूरा गरेर बुधबार औपचारीक रुपमा उद्घाटन हुँदै छ । राप्ती प्राविधिक शिक्षालयलाइ मुख्य केन्द्र मानेर मन्त्रालयहरु राख्न थालिएको छ । प्रदेशका १३ मन्त्रालयमध्ये ६ वटा मन्त्रालय र संसद भवन एउटै परिसरभित्र स्थापना गरिने भएको छ । संसद भवन निर्माणको काम अन्तिम चरणमा पुगेको छ भने मुख्यमन्त्री कार्यालय स्थापना गरिएको छ । साविककाे राप्ती प्राविधिक शिक्षालय भित्रै संसद भवन, मुख्यमन्त्री कार्यालय सहित ६ वटा मन्त्रालय रहनेछन् । बाँकी मन्त्रालयलाई परिसर बाहिर व्यवस्थापन गर्ने तयारी भइरहेको छ । राजधानी कार्यान्वयन प्रक्रिया तीव्र गति हुँदा मन्त्रालयको व्यवस्थापनको कामसमेत धमधम भइरहेको प्रदेश सरकारका प्रवक्ता तथा आन्तरिक मामिला तथा सञ्चार मन्त्री तिलकराम शर्माले जानकारी दिए । 'एकै थलोभित्र सबै मन्त्रालय स्थापना गर्ने योजना हो । हामीसँग भएका मन्त्रालयहरुमध्ये आधा जति यही राख्न सकिन्छ । बाँकी मन्त्रालयहरु बाहिर सरकारी भवनमा राख्ने योजना छ' प्रवक्ता शर्माले भने, 'सबै मन्त्रालय एकै ठाउँमा भएमा सेवा प्रवाहमा सहजता आउँछ । त्यसका लागि हामीले ध्यान दिएका छौ ।'*

*साविककाे शिक्षालय परिसर भित्र प्रदेशसभा भवन पनि छ । जहाँ प्रदेशका ८७ जना प्रदेशसभा सदस्यले बैठकमा भाग लिनेछन् । अहिले प्रदेशसभा भवनको तयारी अन्तिम चरणमा छ । दोस्रो कार्यकालको पहिलो बैठक यहीं राख्ने योजना सरकारको छ ।*

बाँकी ५ पेजमा

झुलेनी पोष्ट
सम्पादकीय....

# चुलोले चुल्याएको विवाद

ग्याँस चुलोलाई विस्थापन गर्ने उद्देश्यले प्यूठान नगरपालिकाले खरिद गरेको ईन्डक्सन चुलोको विषयमा व्यापक चर्चा हुन थालेको छ । यस विषयमा नगरभित्रका आमजनताको मत विभाजित छ । यसको पक्ष र विपक्षमा विभिन्न धारणा सामाजिक सञ्जालहरूमा सार्वजनिक भइरहेका छन् । कतिपयले गरिवलाई दिन भनेर खरिद गरेको चुलोको दुरुपयोग भएको भनेका छन् । कतिपयले करदातालाई नगरपालिकाले बढीकर तीरेवाफत गिप्ट दिएको भनेका छन् । नगरपालिकाले नगरभित्र बसोवास गर्ने सबैभन्दा बढि सम्पत्तिकर तिर्नेलाई चुलो दिनथाल्दा बिरोध आएको हो । सिद्धान्तत जनमुखी सरकारले धनीबाट कर उठाएर गरिवलाई राहत दिन पर्ने हुन्छ तर, नगरपालिकाले धनीलाई नै राहत दिन थालेको छ । ५ सय रुपैया कर तरेकाहरुले ६ हजार रुपैयाँ पर्ने चुलो पाउन थालेका छन् ।

नगरपालिकाले वडाहरुमा चुलो पाउनेहरुको लिस्ट पठाएपछि बिरोधका श्वरहरु गुन्जन थालेका हुन् । ६ महिना पहिले खरिद गरेको चुलो कसरी वितरण गर्ने भन्ने अन्यौल थियो । लामो समय देखि नगरपालिकाको प्रशासकीय भवनको भुईतलामा चाङ लगाएर राखिएको चुलाहरु नगरपालिकाले भर्खरै मात्र वितरण गर्न भनेर वडा-वडामा पठाएको छ । चुलो पाउने लिस्ट दुर्गम वडाहरुमा कम छ भने नगरभित्रको सुगम वडाहरुमा बढी छ । सामान खरिद गरिसकेपछि समयमै चुलो वितरणमा यही कारणले नगरपालिका चुकेको थियो । वितरण गर्न समयमा समेत खिचलो हुन थालेको छ । नगरपालिकाले योजना बनाउँदा राम्रोसंग सुजबुझका साथ नबनाएका कारण खिचलो भएको हो ।

गरिवहरुका लागि वितरण गर्ने भनिएता पनि विद्युत र टेक्नीकल समस्याका कारण कढी कर तिर्ने करदाताहरुलाई चुलो दिन थालेको नगरपालिकाको भनाई छ । करिब सात लाखको लागतमा खरिद गरिएको चुलो कार्यक्रम नगरपालिकाको लागि वितरण गर्न समस्या परेको छ । जनताका न्यूनतम अवश्यकता पूर्ति गर्ने धेरै कुराहरु बाँकी रहिरदा सुविधा सम्पन्नहरुले प्रयोग गर्ने चुलोको कार्यक्रम नगरपालिकाले बनाउदा आलोचना खेप्न परेको हो ।

# चुनावमा संकट र बितृष्णा



झपेन्द्रराज बैद्य

यही मंसीर ४ गते भएको संघीय र प्रदेशको प्रतिनिधि सभाको निर्वाचनमा जनतामा वितृष्णा र निराशा देखिएको छ । उनै अनुहार उनै प्रबृत्ति उनै सँस्कारमा पालित व्यक्तिलाई दर्जनौ पटक चुनियो । तर जनतामा कुनै परिवर्तन आएन । मजदूरले यही भन्छ । किशानले यही भन्छ । जनताको ओठमा हाँसो आएन । मूलनै धमीलो भएको खोलाबाट संलो पानी आउने संभावना भएन । राज्यले राज्यशक्तिको दुरुपयोग गरी छिट फुट घटना बाहेक शान्तिपूर्ण तरिकाले चुनाव सम्पन्न भएको छ भन्ने डम्फू बजाएर पानी माथिको ओभानो भएको छ । वास्तवमा भन्ने हो भने चुनावलाई जनताले खारेज गरिदिएका छन् ।

दिउँसो १ बजेसम्म जनता भोट हाल्ल नआउनु, १ बजे पछि पनि आलटाल गदै ५/७ जना आउनु आदि कुराले जनतामा रहेको निराशा जनाउँछ । तर अलि चेतनशील व्यक्तिले बुथमा रहेको बाकस उडाई दिएका छन् । सेनाप्रहरी पछि-पछि चुना० खारेज गर्ने युवाहरु अगाडि-अगाडि दौडिरहेको फिल्मी शैली देख्न सकिन्थ्यो । जनता अटल बसेपछि के लाग्छ र ? रोल्पा थवाङमा रित्ता बाकसहरुले चुनाबलाई गिज्जाई रहेका थिए । कपिलवस्तुको शिबगडी होस् वा पोखराको विप्लव बस्ती वा धादिङको च्यात्रा वा काभ्रेको नयाँ बस्ती आदि आदि दर्जनौ ठाउँहरुले चुनाब खारेजीको जनाउँ देखाइरहेका थिए । सबै भन्दा दुःखद घटना बाजुरामा देखिएको छ । निर्वाचन भेरहेको बेला निहत्था जनता माथि सेनाले गोली चलाएको छ । हतियार बिहीन जनता माथि गोली चलाउनु कायरता हो । बाजुरामा एक जना युवक चेतनको हत्या गरिएको छ । त्यहाँ चुनाब स्थगित भएको छ । शव त्यहीँ नै राखिएको अवस्था छ । मृतक एमाले सम्बद्ध ब्यक्ति भएको बताइन्छ । अनेरा स्वबियुले आन्दोलन गरिरहेको बुझिन्छ । व्यक्ति जुन सुकै पार्टीका हुन् मानिसको हत्या गर्नु अपराध नै हो ।

दलाल संसदबादीहरुको गतिबिधि हेर्ने हो भने आफैमा चुनाव गोलमोल छ । चुनाव जसरी पनि जित्नु पर्छ । गठबन्धनमा कम्युनिष्टले काँग्रेसलाई भोट दिनुपर्ने बाध्यता छ । त्यस्तै काँग्रेसले कम्युनिष्टलाई । यसरी पनि धेरै भोट खेर गएका छन् । कार्यकर्तासम्मले निर्देशनअनुसार भोट हाल्न सक्छन् तर साधारण मतदाताले यस प्रकारको उर्दि मान्न सक्दैनन् । यही नतिजा भयो चुनावमा । नेताहरुले पहिला जितिरहेको ठाउँमा हार खानु परेको छ । नो नट अगेन नारा पनि देख्न सकिन्थ्यो । भोट हाली-हाली कपाल फुलिसक्यो । भोट हालेर के नै भयो ? हाम्रो दुःख उस्ता उस्तै । निर्वाचन स्थलमा यस्तै कुरा सुनिन्थे । संसद यस्तो मोह लगाउने थलो रहेछ । ७०/७५ बर्ष सम्मपनि मानिस उम्मेदवार भएर चुनावमा लडेको देखियो । अरुको पालो पनि आउँदो रहेनछ कि ? चुनावलाई रणनीति बनाएर कम्युनिष्टका नामधारी चुनाव लडेको देख्दा आश्चर्य लाग्छ । सधै एकै कहाँ हुन्छ र ? कम्युनिष्ट भनौदा पार्टीहरु ओह्रालो लागिरहेको देखिन्छ । माओवादी केन्द्रको स्थिति यस्तै देखिन लागेको छ । उदाहरणको लागि प्यूठानमा नेकपा मसालको यस्तै अवस्था देखिएको छ । वा देखिन थालेको छ । चुनावलाई नै रणनीति बनाएर भाग लिँदा वा एउटै व्यक्तिलाई चुनाबमा उठाई रहदा मसाल फाटेको अवस्था छ । चुनावमा हार जित स्वभाविक हो ।

प्यूठानलाई मसालको लाल किल्ला भनिन्थ्यो । तर अहिले भत्केको अवस्था छ । प्यूठानमा अहिले एमाले नेता सूर्य थापाको जित भएको छ । पाँचदलको साहारा लिए पनि बेसाहारा देखियो मसाल । नेकपा मसाल फुटेको छ । यही कारणले पनि लालकिल्ला भनिने प्यूठानमा केही थोरै मत आउन सक्छ । आगामी चुनावमा जित हाँसिल गरोस् यही शुभकानना । सबभन्दा ठूलो विचार र सिद्धान्त हो । कम्युनिष्ट विचार हराउँदै गए पछि अरु पार्टीभन्दा फरक देखेनन् जनताले । अर्घाखाँचीमा मसालले पराजय बेहोर्नु परेको छ । बाग्लुङमा भने धन्न रुखले बेइमान गरेनछ । जित हाँसिल गर्न सफल भएको छ । अहिले स्वतन्त्रबाट धेरै मानिसहरु उठेका छन् । चितवनमा स्वतन्त्र पार्टीबाट रबि लामिछानेले अत्यधिक मत ल्याएर बिजय गरेका छन् । चितवनमै २३ बर्षकी यूवती डा. तोसिमा कार्कीले अत्यधिक मत ल्याएको समाचार छ । माओबादी केन्द्रका नेता प्रचण्ड गोरखाबाट उठेर बिजय हाँसिल गरेका छन् । निर्बाचनमा नयाँ अनुहार सी के राउतले जितेका छन् । नयाँ बिजेताहरु कसरी आउँदछन् हेर्न बाँकी छ । जुन जोगी आए पनि कानै चिरेका । राप्रपाका ज्ञानेन्द्र शाही पनि नयाँ अनुहार हुन् ।

यसरी व्यक्ति फेरेर हुदैन । व्यवस्था नै फेर्नु पर्छ । जनतामा नैराष्यता छाएको छ । २०७९ को चुनाव अन्तिम चुनाव हुनसक्छ । जनताले बिद्रोह गरे यसभन्दा अगाडि पनि संसद भंग हुनसक्छ । स्थिर बहुमतको सरकार बन्न सकेको छैन । कोही स्वतन्त्र उम्मेदवार बाहिरबाट परिचालित हुन सक्छन् । अहिल्यै मानिसको नाम तोक्नु चाँडै हुन्छ । प्रान्तीय सरकारको बजेट युरोपियन युनियनबाट परिचालित हुन्छ भनिन्छ । व्यवस्था असफल भैसकेको छ । नेपाल अमेरिका र युरोपियनको हातमा छ । अमेरिका एमसीसीको कार्यालय खोलेर बसेको छ । नेपालकै दलालहरुले संसदबाट पासगरेर बुझाएका छन् एमसीसी । भीम रावल जस्ता देश भक्तको आवाज हावाले उडाएको छ ।

लिपुलेख र लिम्पियाधुरा तथा कालापानीमा भारतको नियन्त्रण छ । यसको बिरोधमा नारा जुलूस त बेला मौकामा हुन्छ तर सरकार सुन्दैन । अब बेला आएको छ । धेरै समयसम्म सह्य हुन सक्दैन। देशको माया छ भने सबै देश भक्तशक्ति उठ्नु पर्छ ।


# जनहितमा जारी सन्देश

- फोहोर छोएपछि, खाना खानु वा खुवाउनु अघि, चपी प्रयोग गरिसके पछि साबुन पानीले हात धुने बानी बसालौं ।
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं ।
- घर भित्र र घर वरपर नियमित सरसफाई गरौं ।
- दिसा/पिसाब गर्दा चर्पी नै प्रयोग गरौं । खुल्ला ठाउँमा दिसा, पिसाब नगरौं ।
- कुहिने र नकुहिने फोहोर बर्गिकरण गरौं, २ छुट्टा छुट्टै भाँडामा संकलन गरौं ।
- सार्वजनिक सवारी साधनबाट यात्रा गर्ने क्रममा झ्यालबाट सार्वजनिक स्थल तथा सडकहरुमा कुनै पनि प्रकारको फोहोर जन्य पदार्थहरु जथाभावी नफ्याँकने ।

अनुरोधक:
खानेपानी तथा सरसफाई डिभिजन कार्यालय परिवार प्यूठान

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित समाचारमुलक पत्रिका
झुलेनी पोष्ट साप्ताहिक

# प्यूठानको मुहार बदल्न सूर्य थापाको अठोट



सरद बिष्ट

नेकपा एमालेका पोलिटव्युरो सदस्य एवम् प्यूठान जिल्ला इन्चार्ज सुर्य थापा यहि मंसिर-४ गते सम्पन्न भएको प्रतिनिधिसभा सदस्य पदको निर्वाचनमा प्यूठानबाट नेकपा एमालेका तर्फबाट ४१ हजार १ सय १८ मत लिई बिजयी भएका उम्मेदवार हुन् । पाँच दलिय गठबन्धनको तर्फबाट साझा उम्मेदवार राजमोकी नेत्री दुर्गा पौडेललाई झण्डै ५ हजार २ सय ७४ को भारी मतान्तरले फरक पार्दै सूर्य थापा विजयी भएका एक असल अनि आम प्यूठानी जनतामाझ निकै नै लोकप्रिय नेताको रुपमा चिनिन्छन् । उनका प्रतिद्वन्दी दुर्गा पौडेलले ३५ हजार ८४४ मात्र मत पाएकी छिन् । एक मात्र निर्वाचन क्षेत्र रहेको प्यूठानमा थापा पहिलोपटक प्यूठानी जनतामाझ परिक्षण भएका थिए । बुबा खेत बहादुर थापा र माता खिमाकुमारी थापाको कोखवाट बि.स.२०३१ साल साउन ८ गते झिमरुक गाँउपालिका १, प्यूठानको सौतामारे काभ्रेखोला भन्ने ठाँउमा जन्म लिएका थापा राजनिति, पत्रकारिता, समाजसेवा र नेकपा एमाले भित्रका निकै नै प्रभावशाली नेताको रुपमा सुपरिचित छन् । समाजशास्त्रमा डिग्री पास गरिसकेका थापा कानुनका जानकार विद्यार्थी पनि हुन् ।

सुर्य थापाको विश्वमा राजतन्त्रः उत्थान, पतन र भविस्य अर्न्तगत राजनितिक इतिहासको पहिलो कृति नवयुगले २०६० सालमा प्रकाशनमा ल्याएको थियो । त्यतिबेला नेपालमा दरवारकाण्ड पछि पूर्वराजा ज्ञानेन्द्रको निरङकुस राजतन्त्रप्रतिको मोह बद्दै थियो । नेपालमा पूर्वराजा ज्ञानेन्द्रको कार्यशैली प्रति आमनागरिकहरु तिव्र असन्तुष्टि भईरहेकोवेला नेपालमा राजतन्त्र र दलहरुवीचको संघर्ष भन्ने राजनितिक इतिहास अर्न्तगत दोस्रो कृतिले पनिनेपालमा २०६२र२०६३ को जन आन्दोलन वखतचर्चा पाएकोथियो । सुर्य थापा आफैमा क्षमतावान व्यक्ति हुन् । समय सन्दर्भ, युग र परिवेश अनुसार लेख तथा पुस्तकहरु लेख्न सक्ने खुवी भएकोले पनि थापाका दर्जनौं राजनिति घटनाक्रममा आधारित पुस्तकहरु बजारमा पाईन्छन् ।

नेकपा एमालेको सरकारमा रहदा पूर्व प्रधानमन्त्री झलनाथ खनालको प्रेस सल्लाहकार, पूर्व प्रधानमन्त्री केपी शर्माको प्रेस सल्लाहकार (राज्यमन्त्रीस्तर) लगाएत नेकपा एमालेको महत्वपूर्ण विभाग तथा अन्य जिम्मेवारी पदमा बसेर आफनो भुमिका र कार्यकौशलता समेत देखाईसकेका छन् । झण्डै दर्जनौ देशको भ्रमण तथा यात्रा गरिसकेका थापाले राज्यस्तरवाट बिभिन्न मान सम्मान पनि प्राप्त गरिसकेका छन् । आफ्नो पाटी सरकारमा वा सरकार बाहिर रहदापनि राष्ट्रिय राजनितिमा ख्याति कमाएका अग्र पंक्तिका शिर्ष नेताहरु सँग सुर्य थापाको राम्रो सम्बन्ध र चिनजान छ । बिभिन्न मन्त्रालय, दुतावास, राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरुका कर्मचारीसंग समेत राम्रो सम्बन्ध र लिङ्क बनाएकोले पनि थापाको नाम धेरैले नजिकवाट चिनेका र बुझेका छन् ।

हाल प्यूठान जिल्लामा रहेका ९ वटा स्थानियतह अर्न्तगत७ वटा गाँउपालिका र २ वटा नगरपालिका छन् । जिल्ला निर्वाचन कार्यालय प्यूठानको तथ्यांक अनुसार जिल्लामा ७७,७६९ पुरुष मतदाता, ८१,९९० महिला मतदाता र अन्यमा १ जना गरी जम्माजम्मी १ लाख ५९ हजार ७ सय ६० मतदाता संख्या रहेको छ र गएको स्थानिय तहको निर्वाचनमा प्यूठानमा ६४.८३ प्रतिशत मत खसेको थियो । तर, यहि मंसिर-४ अर्थात हालै सम्पन्न प्रतिनिधि तथा प्रदेशसभाको निर्वाचनमा कुल मतदाताहरु मध्य ८८ हजार ४७ मत अर्थात ५५.११ प्रतिशत मत खसको जिल्ला निर्वाचन कार्यालय प्यूठानका जिल्ला निर्वाचन अधिकारी देविराम पाठकले जानकारी दिएका थिए । उनका अनुसार खसेको मतमा महिला ५० हजार ८६ र पुरुष ३७ हजार ९ सय ६१ जना थिए । जिल्लाभर महिलाहरुको सहभागिता उल्लेखनीय थियो । जिल्लाका कुल २ सय २३ वटा मतदान केन्द्रबाट मतदान भएको थियो ।

देशले नयाँ संबिधान-२०७२ जारी गरेपछि भएको पहिलो स्थानिय तहको निर्वाचन-२०७४ मार्फत प्यूठानमा नेकपा एमाले पहिलो दल बनेको थियो भने हालै सम्पन्न स्थानिय तहको निर्वाचन -२०७९ मा पनि जिल्लामा नेकपा एमाले पहिलो दल, दोस्रो दल नेपाली कांग्रेस,तेस्रो दल नेकपा (माओवादी केन्द्र)र चोथो दल राष्ट्रिय जनमोर्चा बनेको थियो ।

गत बैशाखमा सम्पन्न स्थानिय तह निर्वाचनमा नौ वटामध्ये दुई वटा गाँउपालिका प्रमुखरउपप्रमुख र ६४ वटामध्य २० वटा वडामा एमालेले एक्लै जित हासिल गरेको थियो । एमाले एक्लै र अन्य दलहरुवीच जिल्लामा चुनाव जित्ने दाउमा तालमेल तथा गठबन्धन भएपनि जिल्ला निर्वाचन कार्यालय, प्यूठानका अनुसार नेकपा एमाले मत सर्वेक्षणका आधारमा फेरि पनि पहिलो दल बनेको थियो । जिल्लामा २० वटा वडा जितेको एमालेले कुल ३९ हजार ८७७ मत प्राप्त गरेको थियो भने २० वटै वडा जितेको नेपाली कांग्रेसले २१ हजार २२ मत मात्रै पाएको थियो । त्यस्तै १० वटा वडा जितेका माओवादी केन्द्रले १५ हजार ७४६ मत र १० वटै वडा जितेका राष्ट्रिय जनमोर्चाले १३ हजार ८५४ मत प्राप्त गरेका थिए । त्यसैगरी दुईवटा वडा जितेका विप्लव समुहले १ हजार ४१७ मत, कुनै पनि वडा जित्न नसकेको नेकपा एसले १ हजार ३२२ मत, एउटा वडा जितेका स्वतन्त्र उम्मेदवार (हाँस चिन्ह) ले ६३१ मत र एउटा वडा जितेका स्वतन्त्र उम्मेदवार (लौरो चिन्ह) ले ६१४ मत प्राप्त गरेका थिए । तर, हाँस पदका बिजयी स्वतन्त्र उम्मेदवार हाल नेपाली काँग्रेसमा प्रवेश गरिसकेका छन् । हुनतः एमाले वडागत मतमा शीर्ष स्थानमा भएपनि सत्तारुढ गठबन्धनभन्दा पछाडि नै थियो । पाँच दलीय गठबन्धनको झण्डै ५३ हजार ५ सय चानचुने मत थियो । जुन एमालेको भन्दा लगभग १३ हजार ६ सय जतिको मतान्तरले धेरै हो ।

यहि मंसिर ४ गते सम्पन्न भएको चुनाबमा प्रतिनिधिसभा सदस्यका लागि प्यूठानमा विभिन्न दल र स्वतन्त्र गरी ७ जनाले उम्मेदवारी दिएका थिए । कृष्ण प्रसाद पोख्रेलले राष्ट्रिय स्वतन्त्र पार्टी, दान बहादुर सुबेदीले स्वतन्त्र, दुर्गा पौडेलले राष्ट्रिय जनमोर्चा, मन बहादुर पुनले मंगोल नेशलन अर्गनाइजेसन, माधब सिं के.सी.ले नेपाल कम्युनिष्ट पार्टी मार्क्सवाद-लेनीनवाद, सुर्य थापाले नेकपा एमाले र होम बहादुर बुढाथोकीले राष्ट्रिय प्रजातन्त्र पार्टीबाट उम्मेदवारी दर्ता गराएको जिल्ला निर्वाचन अधिकृतको कार्यालय प्यूठानले जनाएको थियो । तर, यहाँ मुख्य प्रतिस्पर्धा भने राष्ट्रिय जनमोर्चाकी उपाध्यक्ष दुर्गा पौडेल र नेकपा एमालेका पोलिटब्युरो सदस्य सुर्य थापाबीच रहने सबैको मोटामोटी आँकलन भएको थियो । सत्तारुढ गठबन्धनकी साझा उम्मेदवार पौडेल र थापा बीचको यो भिडन्तमा कसले बाजी मार्ला भन्ने बिषयमा नै सबैको ध्यान केन्द्रित भएको थियो ।

पौडेले गत निर्वाचनमा कांग्रेसका डा. गोबिन्दराज पोखरेललाई हराएकी थिईन् । उनले ४७ हजार ५ सय १४ मत पाएकी थिइन् भने पोखरेलले ३१ हजार २ सय ८६ मत पाएका थिए । पोडेलले २०७० को निर्वाचनमा जनमोर्चाबाटै समानुपातिक सांसद बनेर संसदीय यात्रा सुरु गरेकी थिइन् । तर, यसपाली भने पाँच दलीय गठबन्धन भएतापनि दुर्गा पौडेललाई प्रतिनिधिसभाको निर्वाचन जितेर सिंह दरवारको संसद भवन छिर्नको लागि त्यति सरल र सहज भएन् । पौडेलका श्रीमान् अर्थात् नेकपा मसालका महामन्त्री मोहन बिक्रम सिंह बुढेउली उमेरले गर्दा पनि यसपाली प्यूठानी मतदाताहरुसँग घर-घरमा गएर भोट माग्ने र कनभिन्स गरि जन्ता रिझाउन सक्ने अबस्था ज्यादै न्युन भयो ।सैद्धान्तिक रुपमा गठबन्धन र चुनावी तालमेल जे भएपनि ब्यबहारिक रुपमा कांग्रेस,नेकपामसाल र माओवादी वीच त्यति राम्रो पवित्र गठबन्धन भएको थिएन् । जस्का सबै परिणाम चुनावले देखाईसकेको छ । यसपालि पनि कांग्रेसका प्रभावशाली नेता डा.पोखरेल दोहोरिन चाहेका थिए ।त्यसका लागि उनले पार्टी सभापती शेर बहादुर देउवासँग अनुरोध पनि गरेका थिए । तर, देउवाले शेखर कोइराला प्यानलका नेता भएकै कारण डाक्टरलाइ टिकट दिएनन् । माओवादीले पनि आफ्नो पार्टीको उम्मेदवार प्रतिनिधिसभाको लागि प्यूठान जिल्लाबाट प्रतिनिधित्व नभएपछि पौडेललाई भोट दिने वा नदिने भन्ने कुरामा निकै अलमल थियो ।

काङ्ग्रेसका आशा लाग्दा नेता डा. गोबिन्द पोखरेलले टिकट नपाएपछि चुनाब ढुक्कसँग मैले नै जित्छु भन्ने दाउमा सूर्य थापा थिए । कतिका लागि राजनीति पेशा भयो होला, कतिका लागि बाध्यताको विकल्प पनि भयो होला । तर, सुर्य थापाको लागि राजनीति सधैभरि आदर्श, समाज परिवर्तनको माध्यम र मुलुकलाई ठोस योगदान गर्ने अठोट र प्रतिबद्धताका साथ चुवावी प्रतिस्पर्धाको मैदानमा उत्रेका थिए । नेकपा एमालेको सबैभन्दा कान्छो पोलिटब्युरो सदस्य थापा उमेरले ४८ बर्ष पुगेका छन् । आफ्नो बेलाको उत्कृष्ट बिद्यार्थी, पढाइलेखाईको अब्बलता र बलियो तर्क शक्तिलाईउनले ब्यक्तिगत सुख सुबिधाका लागि नभएर राजनितिमा ठोस गोगदान दिने माध्यमका रुपमा प्रयोग गरेकै कारण थापा देशकै आशा लाग्दो र परिचित युवा नेताको रुपमा स्थापित भएका छन् । भन्नेहरुले सूर्य थापा असाध्यै छुचो, घमण्डी र रुखो ब्यक्ति भनेर कटु आचोचना पनि गर्छन् । तर, बास्तवमा सूर्य थापा नितिगत ब्यबहारमा त्यस्तो नभएको उनका शुभ चिन्तकहरु बताउछन् ।स्पष्ट बक्ता, किलिएर भिजन र जनप्रेमी नेता भएकोले पनि पार्टीबाहिर समेत थापाकां गुनगान गाउने हजारौं प्रशंसकहरु छन् ।

सामाजिक संजालहरु जस्तै फेसबुक र टुईटरमा निकै नै अपडेट हुने थापाले देशको राजनिती घटना क्रम र समय सन्दर्भका बिषयहरुलाई महत्वपुर्ण ढङ्गले उठान गरी राष्ट्रिय स्तरका पत्रपत्रिकाहरु जस्तै गोरखापत्र, कान्तिपुरमा लेखहरु लेख्ने, रेडियो तथा बिभिन्नचर्चितटेलिभिजनमा स्पष्टका साथ अन्तर्वार्ता दिने भएकोले पनि थापाले आफ्नो ब्यक्तिगत चर्चा र प्रतिष्ठा बटुलेका छन् । पत्रकारिता पृष्ठभूमिबाट पार्टीको काम गरेका कारण सुर्य थापाको सार्वजनिक व्यक्तित्व सबैका सामु स्पष्ट र घाम झै छर्लङ्ग छ ।

प्रतिनिधि सभा सदस्य पदमा थापाउम्मेदवार भएपछि नेकपा एमालेको पहिलो चुनावी सभा झिमरुक गाँउपालिका १ सौतामारेबाट शुरु भएको थियो । थापाले जीवनमा ४० बर्षसम्म निरन्तर गरेको संर्घषपछि पहिलोपटक जनतासँग उम्मेदवार बन्ने हैसियत बनाएर आएको बताएका थिए । प्रतिनिधि सभा र प्रदेश सभाका सुर्य ध्वजावाहक नेकपा एमालेका उम्मेदवाहरुलाई जिताउन प्यूठानका ६४ वटै वडाका गाँउबस्तीमा एमालेले चुनावी सभा र मतदातासँग भेटघाटको कार्यतालिका बनाएको र सोहि अनुसार सबै वडामा चुनावी कार्यक्रम सफल र सम्पन्न भएको एमाले जिल्ला कमिटी अध्यक्ष बिजय बिराज बिष्टले जानकारी दिएका दिएका थिए ।


यहि मंसीर ४ गते देशैभर कहिकतै सामान्य छुटफुट घटना वाहेक प्रतिनिधि सभाको लागि प्रत्यक्ष र समानुपातिक गरि जम्मा २७५ सिट र प्रदेश शभाको लागि ५५० सिटमा निर्बाचन भएको थियो । चुनाव मैले नै जित्छु भन्नेमा सूर्य थापा ढुक्क र बिश्वस्त भएका थिए ।किन भने आफ्नो पाटी सरकारमा रहदा केपीवली प्रधानमन्त्री भएको कार्यकालमा आफू प्रधानमन्त्रीको प्रेस सल्लाहकार थिए । त्यहि वेला थापाले जिल्लाको बिकास र कोभिड नियन्त्रणको लागि आफूले धेरै काम गरेको बताएका थिए । अर्थ मन्त्रालयसँग समन्वय गरिकोभिडको महामारी भएको वेला प्यूठान अस्पतालमा अक्सिजन पलान्टको लागि डेड करोड बजेट पारेका थिए । प्यूठानी जन्ताको जीवन रक्षाको लागि चिनिया कम्पनी र संघसस्थालाई अनुरोध गरेर थापाले पाँचवटा भेन्टिलेटर समेत प्यूठान भित्राएका थिए । जवकी बुटवल, नेपालगञ्ज र काठमाण्डौंमा नाम चलेका अस्पतालहरुमा समेत बिरामीको उपचारको लागि भेन्टिलेटरको अभाव थियो । त्यसैगरी प्यूठानको स्वर्गद्धारीमा मोटरबाटो निर्माण गर्नको लागि अगुवाई र बजेट विनियोजन नेकपा एमालेको पहलमै सम्भव भएको र नन बजेटरी शिर्षकबाट पचहतर लाख बजेट सडक निर्माणको लागि निकासा भएको कुरा थापाले बताएका थिए । प्यूठानको भौतिक बिकास तथा निर्माण, पर्यटन, शिक्षा, स्वास्थ्य र सफा खानेपानी वितरणको लागि थापाले थुप्रै बजेट पारेको बताएका थिए ।

प्यूठानका ६४ वटै वडामा पुग्रे त्यहाँको रहनसहन, भौगोलिक अवस्था र संस्कतिका बारेमा राम्रो जानकारी पाएका थापा तिनै मतदाताहरुको घरदैलौमा चुनाबी कार्यक्रम र प्रतिबद्धताहरु लिएर प्रस्तुत भएका थिए । जन्ताका जनगुनासा र आफू निर्वाचित भएपछि गर्नुपर्ने कामलाई टिपोट गर्दै जन्ताले दिएका सल्लाह र सुझाबहरुलाई स्पष्ट भिजनको रुपमा लिएका थिए ।गएको पाँच बर्ष प्यूठानको प्रतिनिधि भएर दुर्गा पौडेललाई विजयी गराएर पठाएपछि पौड्लले जिल्लाको लागि उपलब्धिमूलक काम नगरेको थापाको आरोप थियो । पौडेलले पटकपटक अवसर पाउँदा पनि प्यूठानको लागि केहि नगरेकाले नागरिकहरु उनको विकल्प खोजिरहेको थापाले चुनावी सभामा बताउने गर्दथे । प्यूठानमा झण्डै २३ हजार तटस्थ मत भएको र त्यसलाई आकर्षित गर्न यतिवेला नागरिकहरुलाई भेट्न अपरिहार्य भएको थापाले बताएका थिए । गठबन्धन सँग थापालाई कुनै डर थिएन् । यसपालिको चुनाव मैले नै जित्छु र मलाई नै प्यूठानी जन्ताले बिजयी गराएर पठाउनेछन् भन्ने कुरामा थापा बढी ढुक्क र विश्वस्त भएकै कारणसूर्य थापाले प्रतिनिधिसभाको प्रत्यक्ष सिटमा प्यूठानवाट चुनाव जितेक छन् । प्यूठानी मतदाताहरुले पनि यो पटक सूर्य थापालाई हेरौ न भनेर टेष्ट गरेका छन् ।अबको यो पाँच वर्ष प्यूठानलाई कस्तो बनाउने ?, प्यूठान जिल्लाको सन्तुलित र समानान्तर विकास के कसरी गर्ने? र समृद्ध प्यूठान सुखी प्यूठानी कसरी बनाउन सकिन्छ ? भन्ने कुराको रोड म्याप र स्पष्ट भिजनआफनो चुनावी प्रतिबद्धतापत्रमा उल्लेख गरिसकेकोले सोही अनुसार प्यूठानको मुहार बदल्ने र विकास गर्ने सुर्य थापाको अठोट र संकल्प छ । जेहोस् सूर्य थापालाई प्यूठानी जन्ताले संघीय सांसदको रुपमा आगामी यो ५ बर्ष अर्थात १ हजार ८ सय २५ दिनको लागि चुनेर पठाएको हुनाले प्यूठानी जन्ताको जन अपेक्षा अनुसार काम गर्नुपर्ने सयम सुरु भएको छ ।

# कविता

## चुनाव

सशक्त भएर
चट्टान फोरेर
डाँडा ढाकेर
भीर पहरामा
खोला खहरेमा
निर्जन बनेर
साहस भरेर
लटरम्म
लहराउँछन्
हरियाली बनेर
वृक्षहरू जतातत
रौनकका उमङ्ग भरेर
रमाई रहेका छन्
हर्ष
खुसी
उत्साह चुमिरहेका छन्
किरा फट्याङ्ग्राहरू
जीव जनावरहरू
त्यही
हरियाली पवनसँग
मुस्कुराई रहेका छन्
खोलानाला
हिमाल
पहाडसँग
कहिले घाम
कहिले तिर्खा
कहिले भोक
कहिले दुःख
कहिले कष्ट
एकनासले सहेर
बिचल्लीमा
आपतमा
विपतमा
पक्ष
विपक्ष बनेर
दिनरात
यातनाबाट बँच्न
विरोध जनाउँदै छन्
ज्यान दिएर
आमा रुँवाउँदै
छोराछोरी त्यागेर
भ्रम फैलाउँदै छन्
दिनरात खटेर
स्वार्थमा नपरौँ
सोचौँ पहिले
कुटनैतिक
भ्रष्टाचार
अनावश्यक चलखेल
निर्मूल गर्नु पर्छ
भ्रममा नपरौँ
जुक्ति लगाउँछन्
बाठो बनेर
हे,
निर्धा जनशक्ति हो!
बेलैमा बुझेर
सोचेर मात्रै
अगाडिको
कदम चालौँ
एक सफल
चालक बनेर
नागरिकको
अस्तित्व बुझेर
देश जोगाउन
न्याय पाउन्
अन्यायमा परेकाले
कुर्सी समाउन्
ता कि
जो
शिर ठाडो पारोस्
र
भन्न सकोस्
बलात्कृत यही हो
हत्यारा यही हो
अपराधी यही हो
सजायको घोषणा भयो
खाँचो छ
जो व्यक्ति देशलाई
अझै
भ्रममा परेर
बुझेर
बुझ नपचाऔँ
कसैले पनि
निर्धक्क भएर चुनौँ
असल व्यक्ति
बचाऔँ देश
जोगाऔँ अस्तित्व
स्वतन्त्र हितको लागि
सोच्ने व्यक्ति चुनौँ
सबैले मिलेर
नजिकिँदै छ
चुनाव।



**नानीमाया सुनुवार 'नामासु'**
*ताप्ली गाउँपालिका ४ उदयपुर हाल काठमाडौं*

## मुक्तक

मुक्तक १
सुनसान गाउँघर सुनसान बस्ती सुनसान शहर हुँदैछ।
बगेर आँसुको नहर अनि मन हिउँदको बगर हुँदैछ।
हामी नेपालीको बाध्यता सधैं विदेशिन बाध्य हुन्छौं,
नचाहेरै यहाँ घरबार भत्केर जीवन खण्डर हुँदैछ।

मुक्तक २
मर्छु नै भनेर हिँडे पनि मान्छेलाई मर्न डर लाग्छ।
गरीबलाई त एक जुनि बाँच्न पनि भयंकर लाग्छ।
सधैं अरुको नजरमा राम्रै भइरहन्छु भन्ने नसोच्नु,
यहाँ पूजा सकिए पछि फूल पनि कसिङ्गर लाग्छ।

मुक्तक ३
तिमीलाई लाग्दो हो म कुनै उत्सव खुसीमा छु।
साँचो यहि हो यतिबेला खटपट छटपटीमा छु।
खै अचेल मेरो जिन्दगी बहुत खराब चल्दैछ,
एउटा खाली, सीसी जस्तै लट्पट बिक्रीमा छु।



**मधु पुन खडेरी**
*नौबहिनी ५ गाबै प्यूठान , हाल भारत*

## मुक्तक

मुक्तक १
छिनछिन् चुरा हातैभरी बजाएर आउन।
धेरै त होईन अलिकति लजाएर आऊनु।
आजभोलिको नक्कले फेसन भन्दापनि,
आफ्नै नेपाली पोशाक सजाएर आउनु।

मुक्तक २
आकाशको जूनतारा झार्ने पक्कै छैन।
तिमीलाई अलपत्रमै पार्ने पक्कै छैन।
विश्वास गरेर मेरो भरमा परेकी हौ,
त्यसैले तिम्रो माया मार्ने पक्कै छैन।

मुक्तक ३
अिपरिचित व्यक्तिसँग भेटाउछ धन पैसाले।
एकै छिन पानी प्यास मेटाउछ धन पैसाले।
वर्तमानका एकदमै मिल्ने साथी, सङ्गीलाई,
भविष्यमा एक्कासी घाँटी रेटाउछ धन पैसाले।



**जीवन जैशी**
*अछाम, हाल कैलाली*

## मुक्तक

मुक्तक १
सताउन पनि कति धेरै सतायौ र पो टाढिए।
नसोचेका धेरै कुरा बतायौ र पो टाढिए।
सोचेको थिएँ सदैव पर्खियर बस्छु तर,
बिचमै नचिन्ने खबर पठायौ र पो टाढिए।

मुक्तक २
त्यहि जागीरको आसमा बाले रहर बेचेका हुन ।
मलाई पढाउने सपनामा बाले घर बेचेका हुन।
मेरै सपनाको जग कमजोर भयो या श्रमको इ । तर,
सरकारीको आसमा खुसीका सबै प्रहर बेचेका हुन।

मुक्तक ३
तिम्लाई तिर्खा लाग्दा मैले पानी दियकी हुँ।
मल जल पनि राम्रो भयछ मैले खरानी दियकी हुँ।
अमृत दिए जसरी मुस्कुराउदै उठिछन मेरी आमा तर,
मैले तातो पानी दियकी हुँ ।



**रचना रिजाल**
*नौबहिनी गाउँपालिका-६ बाहाने*

## मुक्तक

मुक्तक १
आफ्नो देशमा भने जस्तो काम नपाए पछि।
पसिना बगाएर अलिकति दाम नपाए पछि।
म यसकारण स्वदेश छोडी परदेश आएको हुँ,
आमाले बूढो हड्डी घोटेर आराम नपाए पछि।

मुक्तक २
साईनो टुट्यो आशा मऱ्यो यहीँ सोच्नु तिमी।
मनको मान्छे बसाई सऱ्यो यहीँ सोच्नु तिमी।
मुटु दुख्ला आँसु झर्ला मेरो याद आयो भने,
फूल थियो ओइलि झऱ्यो यहीँ सोच्नु तिमी।

मुक्तक ३
अधि सर्नेहरुको खु । समाई कति दाम आउँछ।
बेकारमा झुटा आरोप लगाइ कति दाम आउँछ।
ए जिब्रो चलाएर दुनियाँ चलाउन जानेका मान्छे,
मेरा कुरा काट्दैमा तिमीलाई कति दाम आउँछ।



**जनक बि सी बिन्दास**
*मेल्लेख गा. पा १ ऋषिदह, अछाम*

झुलेनी पोष्ट साप्ताहिक
समाचार, सूचना, विचार र विज्ञापन प्रकाशनका लागि हामिलाई सम्पर्कः ०८६-५९०४३६

# रोचक/प्रेरक प्रसङ्ग

## वैज्ञानिकले फेला पारे संसारकै पुरानो दिमाग

वैज्ञानिकहरुले साढे ५२ करोड वर्ष पुरानो मस्तिष्कको जिवावशेष फेला पारेका छन् । यो अहिलेसम्मको सबैभन्दा पुरानो मस्तिष्कको अवशेष भएको बताइएको छ ।

चीनमा पाइएको उक्त प्राचीन समुद्री किराको जिवाश्म अहिलेसम्म फेला परेकोमध्ये सबैभन्दा पुरानो रहेको र उक्त समुद्री किराको जिवाश्ममा मस्तिष्कको अवशेष पनि रहेको छ । उक्त किराको मस्तिष्कको अनौठो आकारले पृथ्वीमा किरा फट्यांग्रा प्रजातिको विकासका बारेमा विभिन्न तथ्यहरु पत्ता लगाउन सकिने अपेक्षा गरिएको छ ।

चीनको युनान प्रान्तस्थित एक क्षेत्रमा फेला परेको उक्त जीवको नाम कार्डियोडिक्टियन क्याटेनुलम हो । सन् १९८४ मा अन्य विभिन्न जिवाश्मसँगै यसको पनि खोज भएको थियो । किराजस्तै देखियो यो जीव लोबोपोडिया फाइलममा पर्दछ । यो समुद्रको पिँधमा बस्ने आथ्रोपोडका पूर्वजहरुको एक लोप भैसकेको समूह हो । यो जीव क्याम्ब्रियन कालमा अस्तित्वमा थियो ।

आर्थ्रोपोड इभोलुसन जर्नलमा छापिएको शोध अनुसार यो किराको जीवाश्मको गहन अध्ययनका क्रममा त्यसमा आश्चर्यजनक रुपमा मस्तिष्क तथा पूरै स्नायु प्रणाली पनि संरक्षित रहेको पाइएको छ ।

एरिजोना विश्वविद्यालयका मुख्य शोधकर्ता निकोलस स्ट्रसफेल्डका अनुसार यो पृथ्वीमा पाइएको सबैभन्दा पुरानो मस्तिष्कको जीवावशेष हो ।

क्याटेनुलमको मस्तिष्कको अनुसन्धान गर्नमै वैज्ञानिकहरुलाई ४० वर्ष लाग्यो, किनकी यो जीवको कोमल तन्तुहरु समयसँगै नष्ट भएर गएको वैज्ञानिकहरुको अनुमान थियो ।

**अनलाइन खबर**

**पत्रिका मागेर होइन, किनेर पढ्ने बानी बसालौँ**



**सुनिल क्षेत्री**
*फेदीखोला -५ स्याङ्जा*

## मुक्तक

मुक्तक १
न आउ तिमी यो मनको घाउ दुखाउन।
कालो बादल बनी प्यारो घाम लुकाउन।
जस्तो सुकै अप्ठ्यारो नि म सामना गर्छु,
न आउ तिमी मेरो लागि शिर झुकाउन।

मुक्तक २
मनको मैलो सबै फाले झैं गर्छ्यौ।
बचेराले माउलाई पाले झैं गर्छ्यौ।
अभिनय पनि कति जानेकी तिम्ले,
जरा काटेर पानी हाले झैं गर्छ्यौ।

मुक्तक ३
गफ यति मिठा गऱ्यो माया बाँधेर गयो।
आफ्नै साथी लइदा उ किन हाँसेर गयो।
उसको विश्वास कसरी गरुँ भन्नुस हजुर,
जसले खोलो तरेपछी लठ्ठी भाँचेर गयो।

## गजल


दुखहरुको रापले सेकिएर मान्छे भएकी हुँ।
म पीडाको मसिले लेखिएर मान्छे भएकी हुँ।

उसलाई पनि एकपटक धन्यवाद दिनु छ,
जसले नै गरिब बनाएर मान्छे भएकी हुँ।

नबोलेरै खुशी हुन्छु बरु कसैसककग पनि,
म मान्छे बाटै हेपिएर मान्छे भएकी हुँ।

समयसककग भागदौड गर्दा गर्दै आज आफै,
परिस्थितिले पाठ सिकाएर मान्छे भएकी हुँ।

असफल हुनु सफलता प्राप्तिको ताक सम्झेर,
उदाहरण स्वरुप स्वयम् बदि्लएर मान्छे भएकी हुँ।



**मनु कार्की**
*मादि २, संखुवासभा*



**मनोज चेपाङ**
*गजुरी-४,धादिङ*

## मुक्तक

मुक्तक १
एउटालाई हसाउने अर्कोलाई रुवाउने कस्ती रहिछौ?
कमलो तिम्रो मुटुलाई पत्थर बनाउने कस्ती रहिछौ?
अब भाउजू भनौ कि तिमिलाई प्रेमिका भनम मैले।
एउटै दाजुभाइसँग पनि माया लाउने कस्ती रहिछौ?

मुक्तक २
आँसु झार्यो मनमा पीडा ल्यायो के पो गर्ने होला?
उसको यादैयादमा रुने बनायो के पो गर्ने होला?
जसको सिउदोमा सिन्दुर सजाईदिने मन थियो।
उसैको बिहेको निम्तो आयो के पो गर्ने होला?

मुक्तक ३
पुगनुपर्ला म पनि एकछिन् बोलाएकी छे।
जे भएपनी मलाई सम्झिन बोलाएकी छे।
शुभकामना दिनुपर्ला घरगरी खानु भनेर,
धोकेबाजले बिहेको दिन बोलाएकी छे।

## गजल

यस्तो कहिलेसम्म देख्न पर्ने होला यो आँखाहरुले?
कतिसम्म लुटपाट गर्न सकेका हुन खै डाँकाहरुले?


शान्ति भुमिलाई रणमैदान बनाएर दाईभाई लडाए,
गरिबको पेट माथी गर्नुसम्म मस्ति गरे छाडाहरुले।

कति भर्छौ स्वीस बैंकमा देशम मान्छे भोकले मर्छ,
अझै अमेरिकामा घरजग्गा किन्दैछन रे नागाहरुले।

गरिबको रगत पसिना लुटदै भुडी फुट्ने गरि खाएर,
आज देशमा भस्टचारको हैजा फैलाए माखाहरुले।

पुर्खाहरुले स्वाभिमानी भनी इतिहास कोरेका थिए,
आज आफैलाई देखेर लाज मान्दैछन गाथा हरुले।

खोला बेच्यौ नाला बेच्यौ अब पुरै देश नै बेचे हुन्छ,
तिमिलाई रोक्ने छैन संविधानका कुनै धाराहरुले।



**अनुराग बिकास क्षेत्री**
*अदानचुलि १ हुम्ला, हाल मलेसिया*

## मुक्तक

मुक्तक १
भाग्यले पनि नमजाले छल्दो रहेछ।
यो मन मुटु भित्र भित्रै जल्दो रहेछ।
छोएको पानी नचल्ने मान्छेको पनि,
हस्पिटलमा रगत चाँही चल्दो रहेछ।

मुक्तक २
कैले आँसु कैले हाँसो मान्छे नै बहुरुपी म।
सिंगौरी खेल्छु सबैसंग तर कर्मले दुखी म।
आफुपनि मान्छे भएको अस्तित्व जोगाउन,
कतीको त आँखाको कसिंगार पो छुकी म।

मुक्तक ३
पुगनलाई गन्तव्य बइनुछ आफैले।
रोजाइको सिखर चइनुछ आफैले।
दुनियाँ सल्लाह दिन्छ साथ दिंदैन,
जिबनका युद्धहरु लइनुछ आफैले।



**बिरही खड्का**
*गौमुखी गाउँपालिका ६ लिवाङ*



**टेकेन्द्र पुन 'टेकु'**
*लंग्री -२, राज्थर रोल्पा*

## मुक्तक

मुक्तक १
घुम्टो ओढि बस्नु तिमी हल्का लजाएर।
लिन आउछु तिमिलाइ नौमती बजाएर।
शिरमा सिंदुर, हातमा चुरा रातो सारी लगाई,
ल्याउनेछु त्यो दिन तिमिलाई डोलिमा सजाएर।

मुक्तक २
दुःख जति मैलाई थुपारी जाने बेलामा।
यादको मात्र छोड्यौ भारी जाने बेलामा।
मलाइ छोदी अर्कैलाई अंगाल्ने ए! मान्छे,
किन दियौं चिठी र सुपारी जाने बेलामा।

मुक्तक ३
पुगनुपर्ला म पनि एकछिन् बोलाएकी छे।
जे भएपनी मलाई सम्झिन बोलाएकी छे।
शुभकामना दिनुपर्ला घरगरी खानु भनेर,
धोकेबाजले बिहेको दिन बोलाएकी छे।

## मुक्तक

मुक्तक १
भएन बास भएन खास तिम्रो बस्तीमा।
राखेकै थिए मैले पनि आस तिम्रो बस्तीमा।
तिमीलाई पनि शंखा गर्ने छन देख्नेहरुले,
भेटियोस् बरु मेरो लास तिम्रो बस्तीमा।

मुक्तक २
दुःख्छ मन आउछन् पिर बेला बेलामा।
झुकेकै हुन्छ जहिले शिर बेला बेलामा।
मलाई छोडेर अर्कै संग गए पनि प्रिया,
छोएकै हुन्छु तिम्रो तस्बिर बेला बेलामा।

मुक्तक ३
राम्रो बन्नु लेख्नु पढ्नु शुभकामना साथी।
सगरमाथा शिखर चढ्नु शुभकामना साथी।
यहि दिन्छु जन्मदिनको शुभकामना तिमीलाई,
प्रगति गर्नु अगाडी बढ्नु शुभकामना साथी।



**प्रकाश महरा**
*सुर्नया ४ बैतडी*

जि.हु.का.द.नं. : १/०७९/०८०

# राजधानी सरसफाइमा स्थानीय र विद्यार्थीको सहभागिता

**ओम प्रकाश गुप्ता**
**सिसहनियाँ दाङ**

लुम्बिनी प्रदेशको स्थायी राजधानीलाई सफा सुन्दर बनाउन राप्ती गाउँपालिकाका स्थानीय तथा विद्यार्थीहरु सरसफाई अभियानमा जुटेका छन् । राजधानी क्षेत्र तोकिएको राप्ती उपत्यका देउखुरी अन्तरगत लमही-भालुवाङ सडक खण्डको मसुरीया देखि भालुवाङ सम्म वडा नम्बर ४ का स्थानीय, जनप्रतिनिधि, राजनीतिक दल तथा विद्यार्थीहरु गरि हजारौंको संख्यामा राजमार्गको दायाँ बायाँ २५/२५ मिटर क्षेत्र सरसफाई गरिएको राप्ती गाउँपालिका वडा नम्बर ४ का वडा अध्यक्ष वीरबहादुर चौधरीले जानकारी दिएका छन् । त्यसै गरि मसुरीया देखि भालुवाङ सम्म राप्ती गाउँपालिका २ लालमटियामा रहेको आदर्श नमुना माविका विद्यार्थीहरूद्वारा बृहत् राजमार्ग सरसफाई गरिएको छ । सयौंको संख्यामा रहेका विद्यार्थीहरुद्धारा राजमार्ग सरसफाई गरिएको विद्यालयका प्रधानाध्यापक किरण पोखेलले जानकारी दिएका छन् ।



जनस्तरबाट राजधानीको स्वागत गर्न सरसफाइ र सजावटको काम यति बेला धमाधम भालुबाङ बजार, पाखापानी, लालमटिया, मसुरिया, मौरीघाट, सिसहनियाँ लगायतका स्थानमा रहेका बस बिसौनी तथा प्रतीक्षालयहरुमा समेत नयाँ रंग लगाइएको छ । राजमार्ग किनारमा बढेका झाडी तथा रुख कटान समेत भइरहेको छ । बजार क्षेत्र तथा मूल सडकहरुमा पर्ने चोकहरुमा स्वागतद्वार निर्माण, प्रतीक्षालय रंगरोगन र सरसफाइ गर्ने काम धमाधम भइरहेको हो । राजधानीको मुख्यद्वारको रुपमा रहेको भालुबाङ बजार स्थित भालुबाङको क्यारी रंगरोहन तथा सरसफाइ समेत गरिएको छ । राजधानी परिसर भित्र सरफाइको काम सकिएको र बाँकी बाहिरी क्षेत्रमा पनि काम चलिरहेको सरसफाइ तथा सौन्दर्यकरण उपसमितिका संयोजक श्यामेश चौधरीले जानकारी दिएका छन् ।

यता राप्ती गाउँपालिकाका अध्यक्ष प्रकाश विष्टले सडक तथा सार्वजनिक स्थानमा यत्रतत्र छरिएर रहेको प्लास्टिक जन्य बस्तुहरु विद्यार्थीहरुले साप्ताहिक रुपमा शुक्रबारिय कार्यक्रम राखेर जम्मा गरेमा पालिकाले खरिद गरिदिने ब्यबस्था मिलाउने बताएका छन् ।लुम्बिनी प्रदेशको स्थायी राजधानी राप्ती उपत्यका देउखुरी क्षेत्र अन्तरगत लमही-भालुवाङ सडक खण्डको विभिन्न स्थानहरुमा भईरहेको सरसफाइ कार्यक्रममा सहभागी हुँदै अध्यक्ष विष्टले सो कुरा बताएका हुन् । सरसफाइ कार्यक्रमका सहभागीहरुको प्रसंसा गर्दै अध्यक्ष विष्टले सरसफाइको क्रममा **बाँकी ८ पेजमा**

# नेरेसोको समुदाय स्तरीय समिति गठन

**मधुसुदन पोख्रेल**
**झुलेनस् पोष्ट प्यूठान**

प्युठान नगरपालिका वडा ३ मा रेडक्रस शोसाइटि अन्तरगत सामुदायिक स्तरीय समिति गठन गरिएको छ । प्युठान नगरपालिका वडा न ३ को आयोजनामा वडा अध्यक्ष सुमन श्रेष्ठको अध्यक्षता र नेपाल रेडक्रस सोसाइटि जिल्ला शाखा प्युठान का अध्यक्ष गुमानराज पलामिको प्रमुख अतिथ्यतामा कार्यक्रम सम्पपन्न भएको हो । गाउ,टोल तथा बस्तिहरुलाइ केन्द्रविन्दिमा राखि विपत जोखिम न्युनिकरण परियोजना अन्तरगत समुदायमा घट्ने आपतकालिन जोखिम पुर्ण घटनाको सहजिकरण गर्ने उदेश्यले समिति गठन गरिएको वडा अध्यक्ष सुमन राज श्रेष्ठले बताए ।

जिवाबती सामुदायिक बिपत ब्यवस्थापन समिती नामाकरण गरि ११ जनाको कार्यसमिति चयन गरिएको छ । जसको संयोजक मा हेमन्त पाठक ,सचीव शान्त बहादुर नेपाली, कोषाध्यक्ष बिस्नु गौतम, सदस्यहरुमा कौसिला नेपाली, रामप्रसाद पौडेल, मिना पौडेल ,रामबहादुर पुलामी, कृष्ण प्रशाद न्यौपाने, रेनुका सुनार, बिस्नु के एम र वडा बाट एक जना प्रतिनिधित्व हुनेगरि एघार जना को कार्यसमिति गठन गरिएको हो ।

## मुख्य...

यस्तै साविक राप्ती प्राविधिक शिक्षालयले प्रयोग गरेका संरचना मर्मत गरेर मन्त्रालयहरु स्थापना गर्ने तयारी अघि बढेको छ । जसअन्तर्गत मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय व्यवस्थापन गर्ने काम सकिएको छ भने बाँकी आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय, आर्थिक मामिला तथा सहकारी मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय एकै परिसरभित्र स्थापना गर्न अहिले भवन मर्मतको काम चलिरहेको हो ।

बाँकी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको लागि भवन स्टिमेट गरिएको प्रदेश पूर्वाधार विकास प्राधिकरणका इञ्जिनियर विष्णु केसीले जानकारी दिए । राजधानीसँग जोडिएका पूर्वाधार तयार पार्ने काम भइरहेको छ । ‘हामीलाई प्राप्त भएको जिम्मेवारी अनुसार मुख्यमन्त्री कार्यालय तयार गरिसक्यो । बाँकी मन्त्रालयको भवन मर्मतको काम चलिरहेको छ,’इञ्जिनियर केसीले भने,‘मुख्यमन्त्री कार्यालयमा सेवा सञ्चालन बुधबारबाट हुने छ ।’ यहाँको तालिम हललाई मुख्यमन्त्री कार्यालय, हेल्थ डिपार्टमेन्ट भवनलाई आर्थिक मामिला तथा सहकारी मन्त्रालय, साइन्स ल्यावलाई आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय बनाइएको छ । नेपाल सरकार मातहतमा रहेको राप्ती प्राविधिक शिक्षालय प्रदेश सरकारको स्वामित्वमा आएको छ ।

शिक्षालयलाई गोवरडिहा स्थित सरस्वती माध्यमिक विद्यालयमा स्थानान्तरण गरिएको छ ।

पर्यटन ग्रामीण तथा सहरी विकास मन्त्रालय यसअघि नै यहाँ स्थापना भइसकेका थिए । स्वास्थ्य मन्त्रालय राप्ती गाउँपालिका-५ सिसहनियामा छ । यो परिसरभन्दा बाहिर रहेको मन्त्रालयमा स्वास्थ्य मन्त्रालय पर्छ । उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, शिक्षा, विज्ञान युवा तथा खेलकूद मन्त्रालय, श्रम रोजगार तथा यातायात व्यवस्था मन्त्रालय र कृषि खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालयको लागि पूर्वाधार आवश्यक छ । राप्ती प्राविधिक शिक्षालयभित्रको १८ विगाह जग्गामा साना ठूला गरेर ४० वटा भवन छन्।


## गाउँपालिकाबासीलाई अनुरोध

**उत्पादन बढाऔं र मितव्ययी बनौं ।**

-स्थानीय स्रोत र साधन परिचालन गरी उत्पादन बढाऔं ।
-आर्थिक रुपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान पु-याऔं ।
-देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं ।
-आर्थिक मितव्ययी बनौं, फजुल खर्च नगरौं ।
-विलासिताका वस्तु तथा सेवाको अनावश्यक उपयोगलाई निरुत्साहित गरौं ।

अनावश्यक खर्च घटाएर बचत गर्ने बानीको विकास गरी विश्वसनीय बैंक तथा वित्तीय संस्थामा जम्मा गरौं ।

अनुरोधक
**ऐरावती गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय, बरौला प्यूठान



## पालिकाबासीलाई अनुरोध

**उत्पादन बढाऔं र मितव्ययी बनौं ।**

-स्थानीय स्रोत र साधन परिचालन गरी उत्पादन बढाऔं ।
-आर्थिक रुपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान पु-याऔं ।
-देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं ।
-आर्थिक मितव्ययी बनौं, फजुल खर्च नगरौं ।
-विलासिताका वस्तु तथा सेवाको अनावश्यक उपयोगलाई निरुत्साहित गरौं ।


अनावश्यक खर्च घटाएर बचत गर्ने बानीको विकास गरी विश्वसनीय बैंक तथा वित्तीय संस्थामा जम्मा गरौं ।

अनुरोधक
**प्यूठान नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय, बिजुवार प्यूठान



**के तपाई घर बनाउँदै हुनुहुन्छ? आफ्नो घर अरूको भन्दा फरक र आकर्षक होस् भन्ने चाहाना राख्नु भएको छ ?**

**त्यसो हो भने हामीलाई सम्झनुहोस् । अब प्यूठानमा पहिलोपटक आकर्षक तथा उत्कृष्ट कोरियन यू.पि.भि.सि. प्रविधिका गुणस्तरिय झ्याल, पार्टेसन र ढोकाहरू हामीले लिएर आएका छौं ।**





**साथै घर तथा अफिस सजावटका सम्पूर्ण फर्निचर तथा फर्निसिङ सामग्री आवश्यक परेमा हामीलाई सम्झनुहोस् ।**

**प्रो. प्रभात के.सी. ९८५७८३३९८१/९८४७८२१९८०**

# एसियन यू.पि.भि.सि. एण्ड सप्लायर्स
**प्यूठान नगरपालिका ४ जुम्री बजार प्यूठान**

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित समाचारमुलक पत्रिका
झुलेनी पोष्ट साप्ताहिक

# जीवनसाथी कसरी रोज्ने? मनोविज्ञान यसो भन्छ



डा वैकुण्ठरमण सुवेदी

विविध प्रकारले समग्र जीवनमा दुरगामी प्रभाव पार्ने एवं खुशी र सुखद जीवनको प्रमुख आधार समेत भएकोले बिवाहको निर्णय एक रमाइलो तर अती चुनौतिपूर्ण निर्णय हुने गर्छ । दाम्पत्यमा चिसोपन र तद्‌जन्य पारिवारिक समस्या धेरैको लागि तनावको एक प्रमुख स्रोत हुने गरेको पाइएको छ। पाश्चात्य मुलुकहरुमा लगभग दुई बैवाहिक सम्बन्धमा एक सम्बन्ध असफल हुने गरेको चिन्ताजनक तथ्याँक छ। सामाजिकीकरण प्रकृयामा पश्चिमा मान्यताहरुको अत्यन्त बढ्दो प्रभाव र प्रेम सम्वन्धहरुको सहज सम्भावनासँगै नेपाली युवा युवतीहरुको लागि जीवनसाथी रोज्ने वा बन्ने निर्णय प्रकृयामा थप सजगता आवश्यक भएको छ।

मनोवैज्ञानिक अध्ययनहरुका अनुसार दीगो सम्वन्धहरुको मूल आधार परिस्थिति वमोजिमको लचकता, भावनात्मक संबेदनशिलता, सम्वन्ध प्रतिको यथार्थपरक दृष्टिकोण एवं त्यसमा आधारित सँवादको शैली हुनेगर्छ। अर्थात, सम्बन्धको दीगोपनको लागि व्यक्तिको 'प्रोफाइल' भन्दा उसको ब्यवहारको शैली बढी महत्वपूर्ण हुन जान्छ। बैवाहिक जोडीमा यस्ता गुणहरु भएमा मागी बिवाह पनि प्रेम बिवाह जस्तै सुखद र सफल हुन सक्छन। विवाह गरेको ब्यक्तिसँग रोमान्स गर्न जान्नु अती महत्वपूर्ण कला हो जुन दुवै प्रकारको विवाहमा अत्यावश्यक हुन्छ। बिवाह प्रतिको बदलिँदो मान्यता र प्रेम बिवाहको बढ्दो क्रम सँगै अहिले आफ्नो आकांक्षा र चाहना अनुरुपको प्रेमी वा जीवन साथी रोज्ने अवसर धेरैलाई उपलब्ध भएको छ। प्रबिधी र सामाजिक सञ्जालको पहुँचले समेत यसलाई थप सहज बनाईदिएको छ। यो अवसरको सही सदुपयोग सफल, सुखद र दीगो दाम्पत्यको एक वलियो सुरुवात बन्न सक्छ।

### आफ्नो प्रेम कुन प्रकारको हो स्पष्ट हुनुहोस

एक अर्कालाई राम्रो सँग बुझ्ने अवसर प्राप्त हुने प्रेम बिवाह असफल हुन सक्ने एउटा मूल कारण किशोरकिशोरी वा युवा युवती बिच प्रेमको विषयमा पाइने गरेको अस्पष्टता र अवास्तविक धारणा हो। धेरैले पहिलो नजर एवं भेटको सहज आकर्षण र रोमाञ्चक अनुभवलाई नै साँचो प्रेम वा 'डिभाइन लभ' मान्ने गर्छन। अन्य कतिपयले आफ्नो प्रेम सम्बन्धलाई इश्वरीय खटनको उपज मान्ने र सम्बन्धको भविष्य राम्रो नदेखाउने स्पष्ट सँकेतहरुलाइ समेत नजर अन्दाज गर्दै जाने हुन्छन। विभिन्न अध्ययनहरुको निश्कर्षका अनुसार प्रेमका तीन प्रमुख अवयवहरु हुने गर्छन। मनोविज्ञानमा आम रुपमा स्विकार गरिएको प्रेमको 'स्टर्नबर्गको सिद्धान्त' का अनुसार 'प्यासन' अर्थात शारीरिक आकर्षण एवं रोमाञ्चकता प्रेमको पहिलो तत्व हो। यसको दोस्रो अवयव 'इन्टिमेसी' अर्थात गहिरो भावनात्मक निकटता, सहजता, सम्मानको भाव र 'केयरीङ्ग' व्यवहार हो। साथै, प्रेमको तेस्रो अवयव समर्पणको विवेकपूर्ण निर्णय हो। 'स्टर्नबर्गका' का अनुसार यी अवयवहरुकै विश्लेषणको आधारमा प्रेम कस्तो प्रकारको हो र त्यस्तो सम्बन्धको भविष्य कस्तो होला भन्ने कुरा समेत एकहद सम्म अनुमान गर्न सकिन्छ। शारीरीक आकर्षण र रोमाञ्चकताको प्रभाव बढी भएको तर इन्टिमेसी र समर्पणको भाव अत्यन्त कम हुने 'प्यासनेट प्रेम' सामान्यतः अस्थाई प्रकृतीको भईदिन सक्छ। क्षणिक रोमान्स प्रति बढी लक्षित हुने कारणले यस्तो प्रेम छिटैनै अर्थहीन एवं नीरस लाग्न सक्ने सम्भावना रहन्छ।

प्यासन भन्दा इन्टिमेसी र समर्पणको प्रधान्यता भएको प्रेम दीगो र सुदृढ हुने गर्छ। यस्तो प्रेमको प्रमुख अधार शारीरीक र बाहिरी आकर्षण भन्दा मानसिक र आत्मिक स्तरमा अनुभव हुने सहजता हो। यसै सहजताका कारण यस्तो सम्बन्धमा इर्ष्या र असुरक्षाको भावना अत्यन्त कम रहने गर्छ। बैवाहिक सम्बन्धको दृष्टिकोणले यस प्रकारको 'कम्पानियोनेट प्रेम' आवश्यक र उपयुक्त मानिएको छ। सुरुका दिनहरुमा अधिकतर प्रेम 'प्यासनेट प्रेम' नै हुने गर्छन। त्यो आफैमा नराम्रो कुरा होइन। तर समयसगै त्यो प्रेम 'कम्पानियोनेट प्रेम' तर्फ विकसित भइरहेको छ की छैन भन्ने कुरा जीवन साथी बन्ने निर्णयको लागि अती महत्वपूर्ण विषय हो।

### एकअर्कालाई वास्तविक रुपमा बुझ्नको लागि पर्याप्त समय सँगै बिताउनुहोस

अनुसन्धानकर्ताहरुले मष्तिष्कमा पाइने परिवर्तन र प्रभावको आधारमा प्रेमको सुरुको अवस्था अर्थात 'प्यासनेट प्रेम' को चरणलाई एक नशाको अवस्थासँग तुलना गरेका छन। 'लभ इच ब्लाइन्ड' भन्ने परम्परागत भनाईसँग मनोवैज्ञानिकहरु यस अर्थमा सहमत हुने गर्छन। हर्मोनको विशिष्ट प्रभावको कारण यस चरणमा बस्तुनिष्ठ भई सम्बन्धको भविश्यको बारेमा सोच्ने एवंवि वेकपूर्ण निर्णय लिने व्यक्तिको क्षमतामा वास्तवमै कमी आएको हुन सक्छ। यस प्रकारको प्रभाव हुने प्यासनेट प्रेमको औषत समय सामान्यतः एकदेखी दुई वर्षको हुने गर्छ। यसैकारण बिवाहको निर्णय लिनको लागि प्रेम सम्बन्धमा कमसेकम एक वर्ष बिताउनु मनोवैज्ञानिक दृष्टिकोणबाट उपयुक्त मानिएको छ। गोप्य राखिनुपर्ने बाध्यता भएका प्रेम सम्बन्धहरुको सन्दर्भमा भने यो चरण लामो हुन सक्छ।

'इन्गेजमेन्ट' को व्यवहारीक प्रयोजनसमेत मूलतः एक अर्कालाई वास्तविक रुपमा बुझ्नको लागि पर्याप्त समयसँगै बिताउनु नै हो। अर्थात, एक अर्कालाई मन पराउने 'इम्प्रेसन म्यानेजमेन्ट' को चरण समाप्त भएपछि एक अर्काका ब्यवहारिक पक्षका कुशलता र कमजोरीहरु थप जान्ने अवसर हो यो।

'प्यासनेट प्रेम' को चरणमा प्रेमीलाई सकारात्मक प्रभाव र खुसी पार्ने उदेश्यले स्वभावतः व्यक्तिहरुले तयारीका साथ अत्यन्त आकर्षक र राम्रो व्यवहार प्रस्तुत गरीरहेको हुन्छन। एक अर्काका गल्ति र कमजोरी सामान्य र सहज रुपमा स्विकार्न सक्छन। नराम्रा पक्ष नजर अन्दाज गर्न सकिने ठान्छन। प्रेमको पछिका चरणहरुमा भने प्रेमीका सबै कुरा सकारात्मक देखिने यो रँगिन चश्मा सामान्यतः हराएर जाने गर्छ। प्रेमीको वास्तविक ब्यक्तित्व, सबल पक्ष र कमजोरीसमेत थाहा पाउनको लागि फरक फरक परिस्थितीमा पर्याप्त समयसँगै बिताउनु राम्रो हुन्छ। परिवारका अन्य सदस्य एवं घनिष्ठ साथीहरुसँग घुलमिल र भेटघाट हुने अवसरहरुको यसमा अत्यन्त ठुलो महत्व हुन्छ। प्रेमीको ब्यक्तित्वको सही प्रतिबिम्ब उसले अन्य र खासगरी कमजोर व्यक्तिसँग गर्ने स्वभाविक व्यवहारमा बढी पाउन सकिन्छ।

'बिवाह व्यक्तिसँग होइन परिवारसँग पो हुँदोरहेछ' भन्ने अंग्रेजीमा एक रोचक भनाइ छ। यो भनाई हाम्रो देशको सन्दर्भमा अझ बढी मिल्दो हुन सक्छ। प्रेम व्यक्तिसँग हुन्छ। तर बिवाह, व्यक्ति, परिवार र गाउँसँग समेत हुन्छ। अर्थात, हाम्रो समाजमा बिवाहको दायरा, औपचारिकता र जिम्मेवारी अत्यन्त फराकिलो एवं केही जटील पनि छ। नेपाल र भारत मात्र होइन पश्चिमा मुलुकमा समेत एक अर्काकाका परिवारका सदस्यलाई सन्तुलनमा राख्न नसक्नु दाम्पत्यमा समस्याको एक प्रमुख कारण हुने गरेको पाइएको छ।

### केही मिल्दो र परिपुरक व्यक्तित्वलाई प्राथमिकता दिनुहोस्

व्यक्तित्वका हिसावले कस्तो जीवनसाथी ठिक भन्ने विषयमा रहेका फरक फरक अवधारणाहरुको बारेमा समेत मनोवैज्ञानिक अध्ययनहरु भएका छन। 'अपोजिट अट्र्याक्ट' भन्ने मान्यताले आफुमा नभएका अर्थात बिपरीत गुणहरु भएको व्यक्ति आकर्षक लाग्छ भन्ने मान्यता राख्दछ। 'समानता' को अवधारणाले उमेर, बौद्धिक क्षमता, सुन्दरता, रुची, जीवनशैली, धार्मिक र साँस्कृतिक मूल्य मान्यता इत्यादीको समानताले सम्बन्धहरुलाई बढी प्रितिकर बनाउँछ भन्ने ठान्छ। सुरु सुरुमा केही समय नौलो र आफूभन्दा अत्यन्त बिपरित व्यक्तित्व आकर्षक लाग्ने हुन सक्छ। तर अत्यन्त बिपरीत ब्यक्तित्वहरु बिचको सम्बन्ध समयसँगै कमजोर हुदै जाने अध्ययनले देखाएको छ। जीवनसाथीबीच विविध विषयहरुमा रहेको समानता एक अर्काले अँगालेको जीवन दृष्टिकोण र मूल्य मान्यता सही सावित गर्ने माध्यम बन्दै जाने हुनाले दुवैको लागि आत्मसम्मानको परोक्ष स्रोत बन्ने गर्छ। यसले महत्वपूर्ण विषयहरुमा असहमती र मतभेदको सम्भावनामा समेत कमी ल्याउँछ। यसरी दीर्घकालीक सम्बन्धहरुको लागि आवश्यक पर्ने 'कम्पानियोनेट प्रेम' अर्थात निकटता र सहजता जस्ता गुणको लागि बिपरीत भन्दा समान व्यक्तित्व बढी उपयुक्त हुने पाइएको छ।

यस्ता कयौं अध्ययनहरुको निष्कर्षका अनुसार जीवनसाथी रोज्दा व्यक्तित्वमा केही समानता, केही समान रुची र दीर्घकालिन सोच, एक अर्काका कमजोरी परिपुरण गर्न सक्ने क्षमता साथै मिल्दो जीवन लक्षलाई प्रथमिकतामा राख्न सुझाईएको छ। बैवाहिक सम्बन्ध दुवैको जीवन लक्ष प्राप्तिको आधार बन्न सक्नु सुखद दाम्पत्यको एक महत्वपूर्ण सुचक मानिएको छ।

### सम्बन्धलाई व्यवहारिकताको दृष्टिकोणबाट बिचार गर्नुहोस

कतिपय मनोवैज्ञानिकहरुले बैवाहिक सम्बन्धका पाँच फरक फरक चरणहरुको व्याख्या गरेका छन्। रोमान्सको चरण, मोहभँगता अर्थात 'डिसइलुजनमेन्ट' को चरण, शक्ति सँघर्षको चरण, स्विकार्यता एवँ स्थाईत्वको चरण र सार्थक प्रतिबद्धता भावको चरण, त्यस्ता पाँच चरणहरु हुन। बैवाहिक सम्बन्धहरु सधै एकनास नभै विकासका फरक चरण र त्यसका प्रभाव एवँ चुनौतिहरुवाट गुज्रने गर्छन। केही बिविधता र केही अपवाद पाईने भए पनि हरेक बैवाहिक सम्बन्ध कुनै न कुनै रुपमा यी पाँच चरणका स्वभाविक उतारचढावबाट जानुपर्ने हुन्छ। त्यस्ता उतारचढावजन्य समस्या समाधानका लागि प्रेमीहरु मनोवैज्ञानिक रुपमा तयार एवं एक अर्काप्रति आश्वस्त रहन सक्नु पनि जीवन साथी बन्ने निर्णयको लागि महत्वपूर्ण मानिएको छ।

सुखद बैवाहिक सम्बन्धको लागि एक-अर्का प्रतिको प्रेम सवभन्दा महत्वपूर्ण तत्व हो। तर कतिपय जोडीहरुले प्रेम भएपछि अरु विविध ब्यवहारिक पक्षको बारेमा सोच्नु आवश्यकनै नरहेको ठान्ने हुन्छन्। अथाह प्रेम भएका जोडीहरुमा समेत बिवाहपश्चात दैनिक जीवन सँचालनका कतिपय विषयहरुमा अस्पष्टता र मतभिन्नता सुरु हुन सक्छ। पहिले अति सामान्य मानिएका खाना कसले बनाउने? सपिङ कसले गर्ने? दुवैको जागिर कसरी व्यवस्थापन गर्ने? 'सेक्स' कति मात्रामा आवश्यक पर्ने, बच्चा कहिले पाउने? लिभिङ अरेन्जमेन्ट कहाँ र कस्तो हुने जस्ता विषयहरु गम्भीर शक्ति संघर्ष र असन्तुष्टीका स्रोत बनिदिन सक्छन। जीवनसाथी बन्ने निर्णयको लागि यस्ता विषयहरुमा सहज समझदारीमा पुग्न सक्नेछौं भन्ने गहिरो विश्वास एक–अर्का प्रति हुनु अति आवश्यक हुन्छ।

मनोविज्ञानका अनुसार सफल दाम्पत्य कुनै अलौकिक आकस्मिकताको प्रभावको विषय नभई मूलतः व्यक्तिहरुको बिबेकपूर्ण निर्णय र सम्बन्ध प्रतिको उपयुक्त दृष्टिकोण एवं व्यवहारको परिणाम हो। सम्बन्धमा जोडिने र त्यसको सुखद भविष्य सुनिश्चित गर्ने विषयमा परिस्थितीको भुमिका गौंड र व्यक्तिको छनोट एवं निर्णयको भुमिका बढी हुन्छ। यस्ता विविध विषयहरुमा स्पष्ट भई बिवाहको निर्णयमा पुग्नको लागि विकसित मुलुकमा 'प्रेम जोडी' हरु 'प्रिमेराइटल काउन्सेलिङ्ग' वा 'म्यारिज काउन्सेलिङ्ग' मा जाने समेत आम प्रचलन रहेको छ।

**(लेखक क्लिनिकल साइकोलोजिष्ट हुन्।)**

स्वास्थ्य खबर


## वडावासीमा अनुरोध

लैंङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं । वातावरणमैत्री वडा बनाउन प्रतिवद्ध बनौं । विकास निर्माणका काममा जनसहभागिता जुटाऔं । छोरा र छोरीमा भेदभाव नगरौं । बाल विवाह न्युनीकरणका लागि अभियान चलाऔं । जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा निःशुल्क दर्ता गरौं ।

मनोज कुमार जि.सी.
सचिव

नोमराज पौडेल
वडाध्यक्ष

अनुरोधक
मल्लरानी गाउँपालिका - ३ वडा परिवार, प्यूठान



## एड्स तथा यौन रोगबाट बच्न र बचाउन

-सुरक्षित यौन सम्पर्क गरौं ।
-यौन सम्पर्क गर्दा कण्डमको प्रयोग गरौं ।
-जीवाणुरहित सुईको मात्र प्रयोग गरौं ।
-एच. आई. भि. नियमित परीक्षण गरौं ।
-यौन रोगको लक्षण देखिएमा चिकित्सकसँग परामर्श गरौं ।

स्वास्थ्य कार्यालय प्यूठान

# अकबरे खुर्सानी खेती गर्ने तरिका

-जानकारी, भाग १



परिचय

खुर्सानीको उत्पत्ति मध्य अमेरीकाबाट भएको भन्ने अनुमान छ। नेपालमा २०-२५ खालका पिरो,भेडेखुर्सानी र अकबरे खुर्सानी पाईन्छन्। त्यस मध्ये पूर्वी नेपालमा अकबरे खुर्सानी पाईन्छन्।भने कही कही नेपालको पश्चिमी क्षेत्रमा पनि यसको खेती गरेको पाइन्छ। नेपाल अधिराज्यभर यसको खेती गर्न सकिन्छ। विशेषगरी अकबरे खुर्सानी पूर्वी पहाडमध्ये पनि इलाम र धनकुटामा बढी खेती गरेको पाइन्छ। पूर्वी नेपालमा पाइने ६-७ जातका अकबरे खुर्सानी मध्ये आकार रङ्गमा हेर्दा ठूलो देखिने, सानो डल्लो, सानोगोलो, लाम्चो, ठूलोगोलो, लाम्चो (बास्नादार) तथा चिप्लो डल्लो (पिरो नहुने) र उल्जे पोटिलो रङ्गका आधारमा पनि गाढा रातो, कलेजी रातो तथा रातो रङ्गहरुमा पाईन्छ। तर ठूलो गोलो लाम्चो (बास्नादार) जातको अकबरे निकै पिरो र प्रख्यात सबैले मनपराउने जात हो। सुदुर पश्चिम क्षेत्रमा डडेल्धुरा जिल्लाको रुपाल क्षेत्रमा अकबरे खुर्सानीको खेती गरेको पाइन्छ। हाल तरकारी जर्मप्लाजम सम्बर्धन तथा तरकारी बीउ उत्पादन केन्द्र डडेल्धुरामा यसको जातीय अध्ययन सम्बर्धन गरी कृषकहरुमा प्रचार प्रसार गर्ने कार्य भईरहेको छ।

उपयोग

अकबरे वा राङ्गे खुर्सानी पहिले मङ्गोल जातीका मानिसहरुले मात्र खाने गरेका थिए भने हाल आएर अन्य जातिका मानिसहरुले पनि खाने गरेका छन्। अकबरे खुर्सानी ग्याष्ट्रिक र अल्सरका रोगीहरुले समेत औषधीको रुपमा प्रयोग गरेको पाईन्छ। अकबरे खुर्सानी खासगरी मसला अचार बनाउन उपयोग गरेको पाइन्छ। अकबरे नियमित खाँदा भोक लाग्ने, खाना रुची हुने र थकाइ समेत मेट्ने गरेको पनि उपयोग गर्नेहरुबाट व्यक्त गरेको पाईन्छ। पाकेको अकबरे खुर्सानीलाई हल्का हल्का सुकाई सुल तोरीको तेल वा पकाएको खाने नुन वा भिनेगरमा डुबाएर टाइट विर्को लगाई राखेमा दुई वर्षसम्म खान सकिन्छ। साथै विभिन्न अचार उद्योगहरुले समेत

अकबरेको पेष्ट बनाई प्रयोग गर्ने क्रम शुरु भएको छ।

हावापानी :

साधरणतया गोडमेल खेती जस्तै हावापानी यसका लागि उपयुक्त हुन्छ। त्यसमा पनि यसको खेती उच्च पहाडदेखि गर्मी हावापानी भएको तराईमा समेत सजिलै खेती गर्न सकिन्छ। यसका लागि साधारणतया दिनको तापक्रम २२-२५ डिग्री से. र रातीको तापक्रम १५-२० डि.से. उपयुक्त हुन्छ। तथापी त्यसभन्दा घटी वा बढीमा पनि उतपादन गर्न सकिन्छ। तर सेपिलो तथा पानी जम्ने स्थान र बढी आद्रता भएको ठाउँमा भने उत्पादन गर्न धेरै कठिन हुन्छ।

माटो :

साधरणतया सबै खाले माटो उपयुक्त भएपनि पानी नजम्ने राम्रो निकास भएको मलिलो हल्का दोमट तथा केही चिम्टाईलो माटो समेत उपयुक्त हुन्छ। माटोमा प्रशस्त प्राङ्गारीक मल मिसिनुका साथै माटोको पि.एच.६-७ सम्म हुनुपर्छ। भिरालो तथा नयाँ पाखो माटो अकबरे खेतीका लागि उपयुक्त हुन्छ।

नर्सरी व्यवस्थापन :

वर्षमा २ पटक नर्सरी राख्न सकिन्छ अगैटे( आश्विन, कार्तिक) र पछौटे ( माघ, फाल्गुण)। अकबरे खुर्सानीको ब्याड राख्दा राम्रो र नयाँ बोटबाट राम्रा खाले फलहरु छनौट गर्ने र राम्ररी सुकाई दल निकाली आश्विनदेखि मंसिरसम्ममा प्लाष्टिक टनेल बनाई दल राख्नुपर्छ।

जमिनको तयारी जमिनको छनौट गर्दा पानी नजम्ने ठाउँको माटोलाई ३-४ पटक खनजोत गरी माटो बुरबुराउँदो बनाउनु पर्दछ। त्यसपछि एकभाग जङ्गलको माटो, एकभाग पाकेको गोबरमल र एकभाग बालुवा चिम्टाईलो माटोमा मिसाई १ मिटर चौडाई र लम्बाई आवश्यकता अनुसार हुनेगरी (वर्षादमा १० ईन्च र हिउँदमा ६ इन्चको उचाई हुने गरी डयाङ्ग बनाउने। नर्सरीमा बीउ रोप्नुअघि निम्न अनुसार मल तथा औषधी प्रयोग गर्नु पर्छ। ' क रोपनी जमिनको लागि जम्मा ६ वर्गमिटरको नर्सरीको आवश्यक पर्छ। माटो उपचार गर्न फ्युराडन वा डर्सवान २५ ग्राम, डी.ए.पी. २०० ग्राम, पोटास १०० ग्राम, कृषि चुन १०० ग्राम उक्त मलहरु तयारी माटोमा राम्ररी मिसाई १-२ दिन जति सुकेको परालले छोपी सिंचाई गर्ने।

बीउको मात्रा

एक रोपनी जग्गाको लागि १० ग्राम बीउ चाहिन्छ। उक्त बीउबाट १५०० जति विरुवा उम्रे पनि १२०० बिरुवा जति मात्र आवश्यक पर्दछ। जाडोको मौसम भए प्लाष्टिक टनेलको व्यवस्था गर्नुपर्छ।

बीउ छर्ने र बेर्ना उमार्ने तरिका

बीउ छर्ने र बेर्ना उमार्ने तरिकाको तयारी जमिनमा चौडाइ पट्टिबाट ४ ईन्चको फरकमा लाईन कोरी आधा ईन्च गहिरो कुलेसो बगाई १ ईन्च फरकमा १/१ दाग बीउ खसाल्ने।उक्त बीउ हल्का बालुवा, खरानी वा जङ्गलको माटोले छोपी सुकेको पराल/झारले छोप्ने माटोको अवस्था हेरी सिँचाई गर्ने। तर बढी चिसोपन भएमा बीउहरु कुहीनेहुँदा पानी जम्न दिनु हुँदैन। बिरुवा उम्रिएपछि छापो झिकिदिने र हरेक सात दिनको फरकमा आवश्यकता अनुसार ढुसीनासक किटनासक विषादी छर्ने। यसरी बिरुवा अगौटे हो भने ३/४ महिना र पछौटे हो भने १/२ महिनामा बेर्ना तयार हुन्छ। यदि बेर्ना कमजोर पहेंलो भएमा बेर्नामा नै भिटामीन, मल्टिप्लेक्स, भेजिमेक्स आदि लगायत युरिया २ ग्राम प्रति लि. पानीमा स्प्रे गर्ने।

बिरुवा लगाउने तरिका

राम्ररी खेत तयार गरीसकेपछि बहुवर्षिय रूपमा लाइनदेखि लाइनको दुरी ९० से.मी. र बिरुवादेखि बिरुवाको दुरी ६० से.मी., वर्षेवाली ६०/६० र वषन्ते ६०/४५ से.मी. कायम गरी प्रति बोटमा २ के.जी. सम्म कम्पोष्ट मल, ५ ग्राम डि.ए.पी., पोटास, कृषि चुन र कीराको प्रकोप हुने भएमा केही किटनासक विषादी राखी लगाउँदा राम्रो हुन्छ। अकबरे खुर्सानी लगाउँदा अरु खुर्सानीभन्दा पृथक दुरीमा लगाउनु पर्छ। नत्र भने परागसेचन भई गुणस्तरमा कमी आउँछ। यदि सिधै खेतमा मलखाद राखि खेती गर्ने हो भने प्रति रोपनी डि.ए.पी. १६ के.जी., पोटास १० के.जी., कृषि चुन १० के.जी., गोबरमल ३० डोको, मल्टिप्लेक्ज २ के.जी., युरिया ८ के.जी. र फ्युराडन/डर्सवान १ के.जी. चाहिन्छ जसमध्ये डि.ए.पी., पोटास र कृषि चुनलाई २ भाग गरी सबै गोठमेल फ्युराडन/डर्सवान आदि एकमुष्ठ माटोमा राख्ने बाँकी आधा भाग दानमल, पोटास, कृषिचुनसँग ८ के.जी. युरिया २ के.जी., मल्टिप्लेक्सलाई ४ भाग गरी रोपेको १५ दिनको फरकमा ४ पटक प्रयोग गर्ने।जर्खरायको बिरुवा वेलुकीपख केहि वइलाएपछि मात्र तयारी खाल्डोमा रोपेमा राम्रो हुन्छ। साथै जराहरु नखल्बलिने गरी राम्ररी थिचेर हिउँदमा वरीपरि सानो खाल्डोको आकार बनाइदिने यदि सुख्खा हुन्छ भने फेदमा सोतर परालको छापो दिनु राम्रो हुन्छ।

सिँचाई र गोडमेल

आवश्यकता अनुसार माटोको अवस्था हेरी पानी दिनुपर्छ। रोप्ने वित्तिकै सिँचाई दिँदा राम्रो हुन्छ। त्यसपछि १०-१५ दिनको फरकमा आवश्यकता अनुसार पानी दिनुपर्छ। अकबरे खुर्सानीलाई पानीको ज्यादै आवश्यकता पर्छ तर थोरै भए पुग्छ। फेदमा पानी जम्न दिनुहुँदैन किनभने ढुसी रोग लाग्ने हुँदा होसीयारीपूर्वक पानी तर्काउने व्यवस्था मिलाउनु पर्छ। निकासको राम्रो व्यवस्था मिलाई वर्षादमा ६-१२ इन्चसम्म ड्याङ्गको उचाई राख्नु पर्छ। बिरुवा सारेको १०-१५ देखि २०-२५ दिनसम्म माटोको

अवस्था हेरी खुकुलो पार्ने झारपात

हटाउने/गोडाई हरेक टिपाई पछि गर्नै पर्छ। रैटुनवाली (बहुवर्षिय) लिने हो भने प्रशस्त गोडमेल प्रयोग गर्ने काँटछाँट गर्ने (बोटको तल्लो भागका बाक्ला, पहेंला, नचाहिने मुना हटाइ दिने) र पहिलो वर्षको फल टिपेपछि बोटलाई गोडमेल गर्ने र हिउँदमा

तुषारोबाट जोगाउन

पराल आदिको छाप्रो दिने यसरी काँटछाट गोडमेल गरी अर्को सालको फल चाँडै लिन सकिन्छ। यस्तो बाली लिन उच्च र मध्य पहाडमा सम्भव छ।

बाली संरक्षण

खुर्सानी बालीमा ढुसी, ब्याक्टेरिया, भाइरसबाट उपयुक्त वातावरण पाएमा विभिन्न प्रकारको रोगहरु लाग्न सक्छन्। रोग लागिसकेपछि उपचार गर्न सकिन्न तर रोगथाम र व्यवस्थापन गर्न सकिन्छ खुर्सानी बालीमा लाग्ने मुख्य मुख्य रोगहरु र तिनको रोकथाम यसप्रकार छ।

डढुवा/ढुसीबाट हुने रोग

पातमा डढेजस्तो लक्षण देखिन्छ। सुरुमा पानीले भिजेजस्तो हल्का खैरो भई पछि गाडा खैरो वा कालो रङ्गमा परिणत हुन्छ। अनुकुल वातावरणमा त्यस्ता थोप्लाहरु वृद्धि भई बोटलाई डढाई दिन्छ। ओसिलो अवस्थामा फलको तल्लो सतहमा सेतो ढुसी देखिन्छ। फलमा खैरो कालो दागहरु देखा पर्दछन्। बेर्नामा डाँठ कुहिएको लक्षण देखापर्छ।

व्यवस्थापन विधि

स्वास्थ्य बीउ मात्र प्रयोग गर्ने। कार्बान्डाजीम, बेभिष्टिन २ ग्राम प्रतिकिलोको दरले बीउ उपचार गर्ने। रोग लागेका बोटहरु हटाउने जलाउने खेत सफा सुग्घर राख्ने, रोग शुरु हुने बेलादेखि कपर अक्सीक्लोराइड, ब्लाईटक्स, मेन्काजेब डाईथेन ४५, २-३ ग्राम प्रतिलिटर पानीमा मिसाई छर्कने।

एन्थ्राक्नोज (कोत्रेरोग)

बोटको टुप्पा माथिबाट सुक्दै आउँछ। यसले गर्दा पुरै हाँगा सुकेर मर्दछ। बोटको डाँठहरुमा काला काला स-साना गिर्खाहरु देखिन्छन्। विस्तारै तलतिर असर गर्दै जान्छ र फल कम लाग्छ। अर्को किसमको फलमा काला दागहरु लागि फल सड्छ। यस्ता दागहरुमा थुप्रै काला गिर्खाहरु देखिन्छन्।

व्यवस्थापन/ रोकथाम

रोगी फलका बोटहरुबाट बीउ नराख्ने, क्याप्टन, धानुटान विषादिले बीउ उपचार गर्ने। खेत सफा राख्ने, रोग लागेका पुराना बोटहरु जलाई नष्ट गर्ने। रोगको लक्षण देखापर्नासाथ कपर अक्सिक्लोराईड, ब्लाईटक्स ५० वा मेल्कोजेब, डाइथेन एम. ४५/३ ग्राम प्रतिलिटर पानीमा मिसाई ७/७ दिनको फरकमा ३ पटक छर्कने।

ब्याक्टेरियाबाट हुने ओइलाउने रोग

बोटहरु सर्लक्क ओईलाएको देखिन्छ। त्यस्तो बोटलाई सफा पानीमा डाँठ डुबायो भने सेतो संकाणु निस्केर पानीमा घोलिन्छ र धमीलो देखिन्छ।

व्यवस्थापन विधि

सोलानेसी परिवार बाहेक अन्य बालीसँग घुम्ती बाली लगाउने। रोग अवरोधक जात लगाउने।फमार्लिन १० एम.एल. प्रतिवर्गमिटरमा माटोको उपचार गर्ने र १० ग्राम फोरेट राखी प्लाष्टिकले ३ दिनसम्म छोपीदिने चैत्र वैशाख घाममा खेत जोतेर छोड्ने र जमीनमा सोतर झारपात राखी जलाई दिने।

मोज्याक भाईरस रोग

यो रोग खुर्सानीको लागि निकै हानिकारक मानिन्छ। यो रोग नर्सरीबाटै पनि शुरु हुन सक्छ। पात पहेंलो र गुज्मुज्ज परेको पात बटारीएको, बिग्रिएको, बोट वृद्धि राम्रो हुँदैन र फल कम लाग्छ। यो रोग किराको माध्यमबाट चाँडै एक ठाउँबाट अर्को ठाउँमा सर्दछ। यस्तो रोग कहिले काहीँ सूक्ष्म खाद्य तत्वको कमिले पनि मिल्दो जुल्दो देखिन्छ र यसलाई चिन्नको लागि प्राविधिकको सल्लाह लिनु पर्ने हुन्छ।

व्यवस्थापन विधि

रोगको लक्षण देख्नासाथ बोट उखलेर खाडलमा पुरीदिने। स्वस्थ्य विउ प्रयोग गर्ने। किरा हटाउनालाई किटनाषक औषधी रोग र मालाथायन, मेटासिट, नुभान आदी स्प्रे गर्ने।

**क्रमश....**


## गाउँपालिकाबासीलाई अनुरोध

**उत्पादन बढाऔं र मितव्ययी बनौं।**

-स्थानीय स्रोत र साधन परिचालन गरी उत्पादन बढाऔं।
-आर्थिक रुपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान पु-याऔं।
-देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं।
-आर्थिक मितव्ययी बनौं, फजुल खर्च नगरौं।
-विलासिताका वस्तु तथा सेवाको अनावश्यक उपयोगलाई निरुत्साहित गरौं।

अनावश्यक खर्च घटाएर बचत गर्ने बानीको विकास गरी विश्वसनीय बैंक तथा वित्तीय संस्थामा जम्मा गरौं।

अनुरोधक
**सरुमारानी गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय, बड्डाँडा प्यूठान

## राजधानी...

जम्मा भएका प्लाष्टिक जन्य बस्तु जलाउँदा वायुमण्डल प्रदुषण हुनुका साथै मानिसको स्वास्थ्यमा प्रतिकुल असर हुने हुँदा त्यसो नगर्न समेत आग्रह गरेका छन् । त्यस्तै उनले सरसफाइ सँगसँगै सचेतना पनि फैलाउनु पर्ने कुरामा जोड दिदै सबैले यस कार्यमा सहयोग गर्न अनुरोध समेत गरेका छन् । सरसफाइ कार्यक्रममा पालिकाको विभिन्न वडाहरुका स्थानीयहरु, जनप्रतिनिधि, राजनीतिक दलका अगुवा, आदर्श मावि लालमटिया तथा मावि मौरीघाटका शिक्षक तथा विद्यार्थीहरुको स्वतस्फूर्त रुपमा सहभाता रहेको थियो । सो अवसरमा पालिकाका उपाध्यक्ष कमलापति चौधरी, प्रमुख प्रशासकीय अधिकृत नेव बहादुर वली, विभिन्न वडाका वडा अध्यक्षहरु, टोल विकास संस्था तथा अन्य विभिन्न संघसंस्थाका अध्यक्षहरुको सहभागीता रहेको थियो ।

**झुलेनी पोष्ट साप्ताहिक खोजी खोजी पढौं ।**


## गाउँपालिकाबासीलाई अनुरोध

**उत्पादन बढाऔं र मितव्ययी बनौं ।**

-स्थानीय स्रोत र साधन परिचालन गरी उत्पादन बढाऔं ।
-आर्थिक रुपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान पु-याऔं ।
-देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं ।
-आर्थिक मितव्ययी बनौं, फजुल खर्च नगरौं ।
-विलासिताका वस्तु तथा सेवाको अनावश्यक उपयोगलाई निरुत्साहित गरौं ।

अनावश्यक खर्च घटाएर बचत गर्ने बानीको विकास गरी विश्वसनीय बैंक तथा वित्तीय संस्थामा जम्मा गरौं ।

**अनुरोधक : माण्डवी गाउँपालिका जस्पुर, प्यूठान**

## गाउँपालिकाबासीलाई अनुरोध

**उत्पादन बढाऔं र मितव्ययी बनौं ।**

-स्थानीय स्रोत र साधन परिचालन गरी उत्पादन बढाऔं ।
-आर्थिक रुपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान पु-याऔं ।
-देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं ।
-आर्थिक मितव्ययी बनौं, फजुल खर्च नगरौं ।
-विलासिताका वस्तु तथा सेवाको अनावश्यक उपयोगलाई निरुत्साहित गरौं ।

अनावश्यक खर्च घटाएर बचत गर्ने बानीको विकास गरी विश्वसनीय बैंक तथा वित्तीय संस्थामा जम्मा गरौं ।

**अनुरोधक : मल्लरानी गाउँपालिका खलंगा, प्यूठान**

## नगरपालिकावासिलाई अनुरोध

**उत्पादन बढाऔं र मितव्ययी बनौं ।**

-स्थानीय स्रोत र साधन परिचालन गरी उत्पादन बढाऔं ।
-आर्थिक रुपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान पु-याऔं ।
-देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं ।
-आर्थिक मितव्ययी बनौं, फजुल खर्च नगरौं ।
-विलासिताका वस्तु तथा सेवाको अनावश्यक उपयोगलाई निरुत्साहित गरौं ।

अनावश्यक खर्च घटाएर बचत गर्ने बानीको विकास गरी विश्वसनीय बैंक तथा वित्तीय संस्थामा जम्मा गरौं ।

**अनुरोधक : स्वर्गद्वारी नगरपालिका भिंग्री, प्यूठान**

## तपाई निम्नमध्ये कुनै विवाहको साक्षी त बनिरहनु भएको छैन ?

-बाल विवाह
-अनिच्छित विवाह
-बहु विवाह
-दाइजो विवाह
-दवाव विवाह

विचार गर्नुस,

**के तपाई अपूराध र अपराधीलाई सहयोग त गरिरहनुभएको छैन ? यी सबै विवाह सामाजिक र कानूनी अपराध हुन्।**

**नेपाल सरकार विज्ञापन बोर्ड**

## गाउँपालिकाबासीलाई अनुरोध

**उत्पादन बढाऔं र मितव्ययी बनौं ।**

-स्थानीय स्रोत र साधन परिचालन गरी उत्पादन बढाऔं ।
-आर्थिक रुपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान पु-याऔं ।
-देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं ।
-आर्थिक मितव्ययी बनौं, फजुल खर्च नगरौं ।
-विलासिताका वस्तु तथा सेवाको अनावश्यक उपयोगलाई निरुत्साहित गरौं ।

अनावश्यक खर्च घटाएर बचत गर्ने बानीको विकास गरी विश्वसनीय बैंक तथा वित्तीय संस्थामा जम्मा गरौं ।

**अनुरोधक**
**नौबहिनी गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय, बाहाने प्यूठान

## गाउँपालिकाबासीलाई अनुरोध

**उत्पादन बढाऔं र मितव्ययी बनौं ।**

-स्थानीय स्रोत र साधन परिचालन गरी उत्पादन बढाऔं ।
-आर्थिक रुपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान पु-याऔं ।
-देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं ।
-आर्थिक मितव्ययी बनौं, फजुल खर्च नगरौं ।
-विलासिताका वस्तु तथा सेवाको अनावश्यक उपयोगलाई निरुत्साहित गरौं ।

अनावश्यक खर्च घटाएर बचत गर्ने बानीको विकास गरी विश्वसनीय बैंक तथा वित्तीय संस्थामा जम्मा गरौं ।

**अनुरोधक**
**झिमरुक गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय, भ्यागुते प्यूठान

## गाउँपालिकाबासीलाई अनुरोध

**उत्पादन बढाऔं र मितव्ययी बनौं ।**

-स्थानीय स्रोत र साधन परिचालन गरी उत्पादन बढाऔं ।
-आर्थिक रुपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान पु-याऔं ।
-देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं ।
-आर्थिक मितव्ययी बनौं, फजुल खर्च नगरौं ।
-विलासिताका वस्तु तथा सेवाको अनावश्यक उपयोगलाई निरुत्साहित गरौं ।

अनावश्यक खर्च घटाएर बचत गर्ने बानीको विकास गरी विश्वसनीय बैंक तथा वित्तीय संस्थामा जम्मा गरौं ।

**अनुरोधक**
**गौमुखी गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय, लिवासे प्यूठान



**झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित झुलेनी पोष्ट साप्ताहिक**

अध्यक्ष : गिरुप्रसाद भण्डारी (९८५७८३३०५१), सम्पादक : दीपा घर्ति (९८५७८३६६७२), डिजाइन : सुजाता थापा क्षेत्री (९८६६८०७२३७)

कार्यालय : प्यूठान न.पा.-४, विजुवार भौकारोड, (फोन : ०८६-५९०४३६) इमेल : jhulenipyuthan@gmail.com मुद्रण : भिजन अफसेट प्रेस जस्पुर, प्यूठान